सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ माघ २०८०, बिहीबार (25 Jan 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय सभा निर्वाचनको आज मतदान

१९ सिट, ५१ उम्मेदवार

मतदान बिहान ९ बजेदेखि अपराह्न ३ बजेसम्म



■ मतदाता र मतभार कति ?

निर्वाचनमा प्रदेश सभाका पाँच सय ४९ सांसद र एक हजार चार सय ९८ पालिका प्रमुख-उपप्रमुखले मतदान गर्दै छन् । निर्वाचन आयोगले एक प्रदेश सांसदबराबर ५३ र पालिकाको एक जनप्रतिनिधिबराबर १९ मतभार कायम गरेको छ । आयोगको तथ्यांकअनुसार निर्वाचनमा कुल मतभार ५७ हजार पाँच सय ५९ छ । तर, मृत्यु भएर पद रिक्त भएका तथा निलम्बनका कारण मतदानमा सहभागी हुन नसक्ने एक प्रदेश सांसद र आठ पालिकाका जनप्रतिनिधि मतदाता छैनन् ।

■ भिन्नाभिन्नै मतपत्र

प्रदेश सभा सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको निर्वाचन चिह्नसहितको र पालिकाका प्रमुख र उपप्रमुखहरूका लागि सेतो रङको कागजमा रातो रङको निर्वाचन चिह्न रहेको मतपत्र छ ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

राष्ट्रिय सभाका १९ सिटका लागि आज मतदान हुँदै छ । निर्वाचन आयोगका अनुसार आगामी २० फागुनमा रिक्त हुने २० मध्ये १९ सिटका लागि आज निर्वाचन हुन लागेको हो । आयोगका अनुसार १९ सिटका लागि ५१ जनाको उम्मेदवारी छ । एक सिटमा भने राष्ट्रपतिले मनोनीत गर्नेछन् ।

निर्वाचनका लागि आवश्यक सबै तयारी पूरा भएको र मतदानका लागि बिहान ९ बजेदेखि अपराह्न ३ बजेसम्म समय तय भएको आयोग प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । उनले निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन सबैसँग आयोगले आग्रह गरेको बताए ।

निर्वाचनमा कांग्रेस, एमाले, माओवादी, राप्रपा, जसपा, एकीकृत समाजवादी, जनमत र नेमकिपा गरी आठ दलबाट ५१ उम्मेदवार मैदानमा छन् । निर्वाचनमा सत्तारूढ दल कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले गठबन्धन गरेका छन् । त्यस्तै, एमाले र राप्रपाले पनि सहकार्यको सहमति गरेका छन् । अन्य दल एक्ला-एक्लै प्रतिस्पर्धामा छन् ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मौन अवधिमा चियापानबारे आयोगले सोध्यो स्पष्टीकरण

मौन अवधि जारी रहेको समयमा बुधबार कांग्रेस नेता डा. शेखर कोइरालाले विराटनगरमा चियापान आयोजना गरेको विषयमा आयोगले स्पष्टीकरण सोधेको छ । मौन अवधिमा कुनै पनि आधारमा मत माग्न र मतदाता प्रभावित गर्न नपाउने व्यवस्थाविपरीत चियापान कार्यक्रम आयोजना गरेको सूचनाका आधारमा स्पष्टीकरण मागेको आयोगले जनाएको छ । 'मौन अवधिमा पालना गर्नुपर्ने आचरणविपरीत विराटनगरमा राजनीतिक दलले निर्वाचन प्रचारप्रसारका गतिविधि गरेको भन्ने जानकारी विभिन्न माध्यमबाट प्राप्त भएकाले २४ घन्टाभित्र आयोगमा प्रतिवेदन पेस गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन गरेको हो,' आयोग प्रवक्ता पौडेलले भने । आयोगले सोमबार राति १२ बजेबाट निर्वाचन सम्पन्न नभएसम्मका लागि मौन अवधि लागू गरेको थियो । तर, बुधबार कोइरालाले कोशीबाट कांग्रेसका उम्मेदवार कृष्ण सिटौलासहित कांग्रेस पदाधिकारीलाई सहभागी गराएर चियापान आयोजना गरेका थिए ।

■ को-को सांसद बिदा हुँदै छन् ?

पदावधि सकिन लागेका २० सांसद ०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेका हुन् । एमालेका आठ, कांग्रेसका चार, माओवादी तीन, एकीकृत समाजवादी दुई, जसपा एक र स्वतन्त्र दुई गरी अध्यक्षसहित २० जनाको कार्यकाल सकिँदै छ । जसमा एमालेबाट निर्वाचित राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा (पार्वती), इन्दु कडरिया, कुमार दर्सौंदी, दीपा गुरुङ, नरपति लुहार र रामचन्द्र राई छन् । कांग्रेसबाट संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देव छन् । त्यस्तै, माओवादीबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, एकीकृत समाजवादीबाट भौतिक योजना राज्यमन्त्री नन्दा चपाईं तथा सिंहबहादुर विश्वकर्मा र जसपाबाट शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादवको पनि पद रिक्त हुँदै छ । राष्ट्रपतिबाट मनोनीत एमालेकी विमला राई पौड्याल र स्वतन्त्र सदस्य खिमलाल देवकोटाको पनि कार्यकाल सकिँदै छ ।

सूचना प्रविधिसम्बद्ध ठेक्काका 'मास्टर माइन्ड' विकल र सुनीलको धन्दा

नेपालमा भ्रष्टाचार, सिंगापुरमा नियुक्ति र अमेरिकामा पिआर

गैरकानुनी सम्पत्ति मुद्दामा अख्तियारको अर्को छानबिन

● **पदको चरम दुरुपयोग**

अख्तियारको छानबिनमा सुनील र विकलले नेपाल राष्ट्र बैंकको स्वीकृतिबेगर विदेशी बैंकमा विदेशी मुद्रामा खाता खोली एक करोडभन्दा बढी रकम जम्मा गरेको भेटिएको छ । उनीहरूले नेपालको सरकारी सेवामा कार्यरत रहँदाकै अवस्थामा अन्तर्राष्ट्रिय परामर्शदाताको पदमा औपचारिक रूपमा नियुक्ति लिएका थिए । विकलले त अमेरिकाको स्थायी आवासीय अनुमति (पिआर)समेत लिएको देखिएको अख्तियारले जनाएको छ ।

सुवास भट्ट/नयाँ पत्रिका

नेसनल पेमेन्ट गेटवे खरिदको २३ करोड २७ लाख ५८ हजार घोटाला मुद्दा विशेष अदालतमा विचाराधीन रहेकै अवस्थामा प्रतिवादीद्वय नेपाल टेलिकमका निलम्बित प्रबन्ध-निर्देशक सुनील पौडेल र सुरक्षित मुद्रण केन्द्रका निलम्बित कार्यकारी निर्देशक विकल पौडेलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दोस्रो अनुसन्धान थालेको छ । अदालतमा भ्रष्टाचार मुद्दा खेपिरहेका उनीहरूले गैरकानुनी सम्पत्ति आर्जन गरेको उजुरीमाथि अख्तियारले छानबिन अघि बढाएको हो ।



अनावश्यक सामान खरिद गरी प्रयोग नगरेपछि उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धक पौडेलसहित आठविरुद्ध पनि मुद्दा

» पृष्ठ २ मा क्रमशः

■ दुई दशकअघि करारबाट छिरेका पौडेलद्वयले फैलाएको शक्ति साम्राज्य



विकल पौडेल
कार्यकारी निर्देशक (निलम्बित)
सुरक्षण मुद्रण केन्द्र



सुनील पौडेल
प्रबन्ध-निर्देशक (निलम्बित)
नेपाल टेलिकम

सूचना प्रविधिको क्षेत्रमा विकल र सुनीलको यात्रा ०६१ देखि सुरु भएको थियो । तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआइटिसी)मा विकल कम्प्युटर इन्जिनियरका रूपमा करारमा छिरेका थिए । पछि उपकार्यकारी निर्देशकको पद सिर्जना गराएर नियुक्ति खाए । उपकार्यकारी निर्देशक बनेपछि त्यसअघि सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सरकारी डाटा सेन्टर (जिआइडिसी)लाई पनि एनआइटिसीमातहत नै ल्याए । राजनीतिक-प्रशासनिक सान्निध्यमा शक्ति हत्याउन सफल उनले भटाभट खरिद र ठेक्का लगाउन थाले ।

विकलको शक्ति यतिसम्म थियो कि सञ्चारसचिव कसलाई ल्याउने भन्नेसम्मको डिजाइन उनैले गर्न थाले । उच्च तहमा प्रभाव यस्तो थियो कि, जति बजेट माग्दा पनि अर्थ मन्त्रालयले खुरुखुरु दिन्थ्यो । पहुँच बढाउँदै लगेका उनी ठूलो बजेट र ठेक्का देखेपछि ०७४ साउनमा सुरक्षण मुद्रण केन्द्रमा कार्यकारी निर्देशक बनेर गए । ०७५ साउनमा सुनीललाई एनआइटिसीमा कार्यकारी निर्देशक बनाउन सफल भए । एउटै क्षेत्रका र धेरै काममा साझेदार रहेका पुराना साथीलाई उक्त पदमा ल्याउन उनी सफल भएका थिए ।

विकल ०७९ जेठमा लगातार दोस्रोपटक सुरक्षा मुद्रणमा नियुक्त भए । विकलकै पहलमा अन्ततः सुनीललाई ०७८ चैतमा नेपाल टेलिकमको प्रबन्ध-निर्देशक नै बनाइएको थियो । आफू दूरसञ्चार प्राधिकरणमा कार्यकारी अध्यक्ष लिने उनको उद्देश्य भने सफल भएन । एमआरपी पासपोर्ट, सेक्युरिटी प्रिन्टिङ, पेमेन्ट गेटवे, एकीकृत इमेल प्रणाली, इम्बोस्ड नम्बर प्लेट, अन्तःशुल्क स्टिकरको छपाइजस्ता सूचना प्रविधिका ठूला खरिद ठेक्कामा सेटिङ मिलाएको आरोप उनीहरूमाथि छ ।

■ नेसनल पेमेन्ट गेटवे र सेक्युरिटी प्रिन्टिङ खरिद घोटालामा पौडेलद्वय

सूचना प्रविधि क्षेत्रका खुँखार मानिने पौडेलद्वय सुनील र विकल धेरै विवाद र अनियमितताका जोडिँदै आएका छन् । आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत स्वीकृत गराई २५ करोडमा नेसनल पेमेन्ट गेटवे खरिद गरेको, ६ वर्षअघि खरिद गरिएको गेटवे प्रयोगमा ल्याउन नसकेको र सरकारको सम्पत्ति हानि-नोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्दै अख्तियारले उनीहरूसहित नौजनाविरुद्ध गत १५ असोजमा विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । जसमा बहालवाला (हाल निलम्बित) सचिव मधुकुमार मरासिनी र पूर्वसचिव सञ्जय शर्मा पनि छन् ।

त्यसअघि गत ३ वैशाखमा सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकलसहित नौजनाविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो । सेक्युरिटी प्रिन्टिङका आवश्यक उपकरण खरिद र पूर्वाधार निर्माण गर्दा ६९ करोड घोटाला भएको ठहरसहित अख्तियारले मुद्दा दायर गरेको थियो । अस्वाभाविक लागत अनुमान तयार गरी स्वीकृत गरेको, एउटा देशबाट ल्याउने सम्झौता भएको सामान अन्तैबाट ल्याएको, खरिद सम्झौताविपरीत सामान स्वीकार गरेको, कामै नगरी भुक्तानी दिएको र अनावश्यक पूर्वाधार निर्माण गरी सरकारी सम्पत्तिमा हानि-नोक्सानी तथा दुरुपयोग गरेको दाबी अख्तियारको छ ।

राजनीतिक, प्रशासनिक र व्यापारिक साँठगाँठमा नेपालमा भ्रष्टाचार गरी आर्जित रकम र कमिसन विदेश लगेको आरोप उनीहरूमाथि छ ।

■ अध्यागमनमा 'अटोमेसन' प्रणाली

१० मिनेटभित्रै सेवाग्राहीको काम

त्रिपुरेश्वरस्थित कन्सुलर सेवा विभागमा पनि 'अटोमेसन' प्रणाली लागू गरिँदै, अनलाइन भिसा लिन सक्ने प्रणाली बनाउँदै अध्यागमन

टेकराज थामी/नयाँ पत्रिका

अध्यागमन विभागले मातहतका १५ वटै कार्यालयमा 'अटोमेसन' प्रणाली लागू गरेपछि नेपाल बसेका विदेशी नागरिकले लिने सेवा सहज भएको छ । अध्यागमनमा 'अटोमेसन प्रणाली' जडान भएसँगै नेपालमा रहेका विदेशी नागरिकले अब १० मिनेटभित्रै भिसा नवीकरण, स्थानान्तरण र पदयात्रा अनुमति पाउन थालेका छन् ।

७ माघबाट सुरु यस सेवाबाट अहिलेसम्म एक हजार तीन सय ५७ भन्दा धेरै विदेशी नागरिकले भिसा नवीकरण, स्थानान्तरण र पदयात्रा अनुमति लिएको विभागका अधिकारीहरूले जनाएका छन् । विभागका महानिर्देशक रुद्रसिंह तामाङले 'अटोमेसन' प्रणाली सुरु

» पृष्ठ २ मा क्रमशः

घन्टौं लाइन बस्नुपर्ने झन्झट हटेको छ

● रुद्रसिंह तामाङ
महानिर्देशक, अध्यागमन विभाग



'अटोमेसन' प्रणाली सुरु भएपछि सेवा प्रवाह सहज र छिटो भएको छ । नेपालमा रहेका विदेशी नागरिक भिसा नवीकरण, स्थानान्तरण तथा पदयात्रा अनुमति लिन घन्टौं लाइन बस्नुपर्ने झन्झटबाट मुक्त भएका छन् । उनीहरूले बढीमा १० मिनेटभित्रै सेवा लिन सक्नेछन् । यो सेवा अब त्रिपुरेश्वरस्थित कन्सुलर सेवा विभागमा पनि लागू हुनेछ । यसका लागि अध्यागमन र कन्सुलरबीच सूचना आदान-प्रदान भइसकेको छ ।

बुढीगण्डकी आयोजनाको प्रारम्भिक लगानी खाका तयार

सरकारले एक खर्ब ८० अर्ब सहुलियत ऋण र ७३.२० अर्ब भिजिएफ दिने, ३० अर्बको आइपिओ निष्कासन गरिने, ३२ अर्ब व्यावसायिक ऋण



आगामी आवदेखि निर्माण सुरु हुन्छ



● **डा. जगतकुमार श्रेष्ठ, सिइओ बुढीगण्डकी जलविद्युत् कम्पनी**

लगानीको खाका ठुंगो लागेसँगै आगामी आवदेखि आयोजना निर्माण सुरु गर्ने तयारी गरिरहेका छौं । आयोजना निर्माणका लागि बोलपत्र आह्वानको आन्तरिक तयारी पनि भइरहेको छ । निर्माण सुरु गरेको आठ वर्षमा आयोजना सञ्चालनमा ल्याउने लक्ष्य छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको लगानी खाका ठुंगो लागेको छ । स्वदेशी लगानीमै बनाउने गरी सरकारले बुधबार सम्भावित लगानीकर्तासँग छलफल गरेर खाका बनाएको हो ।

सरकारले आफैं उक्त आयोजना बनाउन १७ भदौ ०७९ मा बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड स्थापना गरिसकेको छ । प्रस्तावित लगानीको खाकालाई मन्त्रिपरिषद्बाट स्वीकृत गराएर कार्यान्वयनमा ल्याइनेछ । अब एक-दुई चरणको छलफल गरेर लगानीको खाकालाई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिने तयारी छ ।

प्रस्तावित खाकाअनुसार आयोजना बनाउन तीन खर्ब ७५ अर्ब ७८ करोड लगानी आवश्यक देखिएको छ । त्यसमा सरकार आफैंले सहुलियत ऋण र सम्भाव्यता न्यून परिपूरक कोष (भिजिएफ) दिनेछ । नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बिमा कम्पनीलगायतबाट लगानी संकलन गरिनेछ । साथै, स्वदेशी बैंक तथा लगानीकर्ताबाट ऋण लिने खाका पनि छ । समग्रमा प्राधिकरणको नेतृत्व (बहुमत सेयर)मा आयोजना बनाउने गरी खाका बनाइएको छ ।

» पृष्ठ २ मा क्रमशः

कहाँबाट जुटाइँदै लगानी ?

- सरकारको सहुलियत ऋण : **१ खर्ब ८० अर्ब**
- सम्भाव्यता न्यून परिपूरक कोष (भिजिएफ) : **७३ अर्ब २० करोड**
- व्यावसायिक ऋण : **३२ अर्ब २ करोड**
- नेपाल विद्युत् प्राधिकरण : **३५ अर्ब**
- कर्मचारी सञ्चय कोष : **१० अर्ब**
- नागरिक लगानी कोष : **१० अर्ब**
- नेपाल टेलिकम : **१० अर्ब**
- बिमा कम्पनीहरू : **५ अर्ब**
- सामाजिक सुरक्षा कोष : **१ अर्ब**
- एचआइडिसिएल : **३ अर्ब**
- आइपिओ : **३० अर्ब**

कुन वर्ष कति बजेट आवश्यक ?

आर्थिक वर्ष	बजेट (अर्बमा)
०८१/८२	५.५५
०८२/८३	८.४४
०८३/८४	२८.३३
०८४/८५	५७.२०
०८५/८६	७२.२९
०८६/८७	७४.४६
०८७/८८	३३.४१
०८८/८९	२२.९१

तीन महिनामा १३ सय एनआरएनले लिए नेपाली नागरिकता

उपत्यकाका तीन जिल्लाबाट मात्रै करिब ६ सय नागरिकता वितरण

नवराज मैनाली/नयाँ पत्रिका

तीन महिनाको अवधिमा एक हजार तीन सयभन्दा धेरै गैरआवासीय नेपालीले नेपाली नागरिकता लिएका छन् । उपत्यकाका तीन जिल्लाबाट मात्र करिब ६ सयले यस्तो नागरिकता लिएका छन् ।

गत २० असोजमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुई एनआरएनलाई नागरिकता दिएर गैरआवासीय नेपालीलाई नागरिकताको सुरुवात गरेका थिए । त्यसयता गृह मन्त्रालयका अनुसार ७ माघसम्म देशभरका जिल्ला प्रशासन कार्यालयबाट एक हजार ३२८ वटा एनआरएन नागरिकता जारी भएका छन् ।

एनआरएन नागरिकता उपत्यकाका जिल्ला प्रशासन कार्यालयबाट धेरै जारी भएको गृह मन्त्रालयका सहसचिव थानेश्वर गौतमले बताए । सबैभन्दा धेरै काठमाडौंबाट चार सय ४३ जनाले यस्तो नागरिकता लिइसकेका छन् । ललितपुरबाट ८६ र भक्तपुरबाट ५३ जनाले नागरिकता लिएको विवरण छ ।

गैरराजनीतिक अधिकारसहितको नेपालमा पहिलोपटक एनआरएन नागरिकता दिन थालिएको हो । ०७२ सालमा जारी संविधानमै यससम्बन्धी प्रावधान भए पनि बल्ल कार्यान्वयन थालिएको हो । सरकारले नागरिकता ऐन र नियमावली संशोधन गरी एनआरएनलाई नागरिकता दिन थालेको हो ।



● **थानेश्वर गौतम**
सहसचिव, गृह मन्त्रालय

तीन महिनामा एक हजार तीन सय भन्दा धेरै गैरआवासीय नेपालीलाई नागरिकता वितरण भइसकेको छ । सबैभन्दा धेरै उपत्यकाका जिल्लाबाट जारी भएको छ ।

नागरिकता ऐनको दफा ७ मा गैरआवासीय नेपालीलाई नागरिकतासम्बन्धी प्रावधान छ । ऐनको ७ (क) १ मा, 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोवास गरेको र साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' उल्लेख छ ।

यस्तो नागरिकता पाउनेले मतदान गर्न तथा राजनीति गर्न भने पाउनेछैनन् । साथै, सरकारी-सार्वजनिक पदमा पनि बस्न नमिल्ने कानुनी प्रावधान छ । व्यवसाय गर्न पाउनुका साथै उनीहरूलाई सम्पत्ति भने दुवै देशमा राख्न पाउने यो नागरिकताले दिन्छ ।

नियमावलीले गैरआवासीय नेपालीलाई नेपाली नागरिकता लिने प्रक्रिया र मापदण्ड प्रस्ट पारेको छ । निवेदन दिने व्यक्ति वा उसको आमा-बुबा, हजुरबुबा-हजुरआमा साबिकमा नेपालको नागरिक रहेको प्रमाण पेस गर्नुपर्ने हुन्छ । तर, विगतमा अन्य देशको नागरिकता लिँदा धेरैले नेपालको नागरिकता पनि कायम गरेको हाल नागरिकता लिने क्रममा खुलेको छ । 'अन्य देशको नागरिकता लिँदा ९० प्रतिशतले विगतमा नेपालको नागरिकता त्याग गरेको देखिएन,' जिल्ला प्रशासन कार्यालय, काठमाडौंका एक अधिकारीले भने ।

एनआरएन नागरिकता प्राप्त गर्न विगतमा नेपाली नागरिकता लिएको भए त्यो त्याग गरेको प्रमाण चाहिने प्रावधान छ । तर, धेरैले हालै मात्र त्याग गरेको विवरण पेस गरेका छन् । जब कि विदेशी नागरिकता भने वर्षौंअघि लिएका छन् ।

एनआरएन नागरिकताका लागि नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धता पनि आवश्यक हुने र शपथ गराउनुपर्ने प्रावधानसमेत ऐन र नियमावलीमा छ । यस्तो नागरिकता लिएका व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रहितविपरीतको कार्य गरेको ठहरेमा नागरिकता रद्द गर्न सकिने व्यवस्थासमेत छ ।

नेपालमा...

पृष्ठ १ बाट क्रमशः

बुधबार दुवैजनालाई अख्तियारको टोलीले पक्राउ पनि गरिसकेको छ। सुनीललाई शान्तिनगर र विकललाई मण्डिखाटारबाट पक्राउ गरेको हो। अघिल्लो मुद्दा अदालतमा विचाराधीन रहँदै विशेषमा उपस्थित हुनुपर्ने पत्रसमेत नबुझेर उनीहरू फरार हुँदै आएका थिए। विशेष अदालतले काठमाडौं जिल्ला अदालतमार्फत म्याद तामेल गराउन खोज्दा उनीहरू भेटिएका थिएनन्। अख्तियारले नियन्त्रणमा लिने प्रयास गरे पनि पुस पहिलो साता विकल दुबई हुँदै अमेरिका भागेका थिए भने सुनील पनि विदेश नै फरार भएका थिए।

गैरकानुनी सम्पत्ति आर्जनको उजुरीमाथि छानबिन अघि बढाइएपछि सम्पत्ति विदेश लैजाने र आफूहरू पनि उतै 'सेटल' हुने उनीहरूको तयारी थियो। यसै प्रयोजनका लागि केही दिनअघि मात्रै उनीहरू नेपाल फर्किएका थिए। नेपाल आएको सूचना पाएपछि अख्तियारले आफ्नो संयन्त्रमार्फत टोली खटाएर नियन्त्रणमा लिएको हो।


पदको चरम दुरुपयोग : यता सुरक्षण मुद्रण केन्द्र र नेपाल टेलिकमको प्रमुख, सिंगापुरमा अन्तर्राष्ट्रिय परामर्शदाता !

अख्तियारको छानबिनमा सुनील र विकलले नेपाल राष्ट्र बैंकको स्वीकृतिबेगर विदेशी बैंकमा विदेशी मुद्रामा खाता खोली एक करोडभन्दा बढी रकम जम्मा गरेको भेटिएको छ। अख्तियारका अनुसार उनीहरूले नेपालको सरकारी सेवामा कार्यरत रहँदाकै अवस्थामा अन्तर्राष्ट्रिय परामर्शदाताको पदमा औपचारिक रूपमा नियुक्ति लिएका थिए। विकलले त अमेरिकाको स्थायी आवासीय अनुमति (पिआर)समेत लिएको देखिएको अख्तियारले जनाएको छ।

'निजहरूले कसुरसम्बद्ध प्रमाण नष्ट गर्न सक्ने र भागेर जाने सम्भावना भई अनुसन्धान कार्यमा बाधा पुग्ने देखिएकाले नियमानुसारको जरुरी पक्राउ पुर्जी दिई हिरासतमा लिई थप अनुसन्धान भइरहेको छ,' अख्तियारले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। उनीहरू पटक-पटक अमेरिका र सिंगापुर जाने-आउने गरेकोसमेत अख्तियारले जनाएको छ।

अनावश्यक सामान खरिद गरी प्रयोग नगरेपछि उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धक पौडेलसहित आठविरुद्ध पनि मुद्दा

अनावश्यक सामान खरिद गरी प्रयोगसमेत नगरेपछि उदयपुर सिमेन्ट लिमिटेडका तत्कालीन महाप्रबन्धक सुरेन्द्र पौडेलसहित आठजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। आवश्यकता र औचित्य नभएको तथा प्राविधिक दृष्टिले रितपूर्वक नभएको भेराइबल फ्रिक्वेन्सी ड्राइभ (भिएफडी) खरिद गरी २२ लाख ७८ हजार तीन सय पाँच रुपैयाँबराबरको रकम भुक्तानी दिएको भेटिएपछि यसमा संलग्न पौडेलसहितलाई प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर गरेको हो। उदयपुर सिमेन्ट छाडेर पौडेलले नेपाल आयल निगमको प्रमुखको तीनवर्षे नियुक्तिसमेत खाएका थिए।



सुरेन्द्र पौडेल

भ्रष्टाचारको आरोपमा तत्कालीन महाप्रबन्धक पौडेलसहित तत्कालीन नायब महाप्रबन्धक नवलकिशोर साह, तत्कालीन कायममुकायम उपनिर्देशक पवनकुमारलाल कर्ण, तत्कालीन प्रबन्धक भरतप्रसाद नेपाल, अधिकृत (नवौँ) डेमलाल खनाल, तत्कालीन प्रबन्धक कमलराज पौडेल, तत्कालीन निर्देशकद्वय (प्राविधिक) ध्रुवबहादुर देवकोटा र महेशप्रसाद काफ्लेलाई अख्तियारले प्रतिवादी कायम गरेको छ।

विनाअध्ययन, आवश्यकताको पहिचान र औचित्यसमेत यकिन नगरी लागत अनुमानसमेत नबनाई केही उपयोग नहुने भेराइबल फ्रिक्वेन्सी ड्राइभ (भिएफडी) खरिद गरेको आरोप अख्तियारको छ। खरिद गरिएका सामग्रीमध्ये १६० किलोवाट भिएफडी प्यानल (पार्ट ए) उद्योगले प्राप्त गरेको पाँच वर्षभन्दा बढी समयसम्म पनि परीक्षण नगरिएको तथा सञ्चालनमा समेत नरहेको अख्तियारको दाबी छ। उक्त उपकरणका लागि २२ लाख ७८ हजार तीन सय पाँच रुपैयाँबराबरको रकम भुक्तानी दिई गैरकानुनी हानि पुऱ्याएको पुष्टि भएको आरोपपत्रमा उल्लेख छ।

यसमा संलग्न पौडेलसहित आठैजनाविरुद्ध अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ र त्यसै उपदफाको 'क' र 'च' बमोजिम बिगो कायम गरेको छ। भुक्तानी भएको २२ लाख ७८ हजार तीन सय पाँच रुपैयाँलाई नै संयुक्त बिगो कायम गरेर अख्तियारले मुद्दा दायर गरेको छ।

सार्वजनिक संस्थाको प्रमुख महाप्रबन्धक भएकाले पौडेलको हकमा ऐनबमोजिम थप सजायको माग दाबी अख्तियारले गरेको छ। ऐनको दफा २४ अनुसार उनलाई थप तीन वर्षसम्मको कैद सजायको दाबी अख्तियारले गरेको छ।

बुढीगण्डकीको...

पृष्ठ १ बाट क्रमशः

एक खर्ब ८० अर्ब सहुलियत ऋण र ७३.२० अर्ब भिजिएफ : खाकाअनुसार आयोजना बनाउन सरकारले एक खर्ब ७९ अर्ब ७८ करोड सहुलियत ऋण उपलब्ध गराउनेछ। एक प्रतिशत ब्याजमा सरकारले सोबराबरको ऋण उपलब्ध गराउने पक्का भएको छ। सरकारले पेट्रोलियम पदार्थमा लगाएको पूर्वाधार करमध्येबाट प्रतिलिटर ५ रुपैयाँ आयोजनामा दिइने सहुलियत ऋणको लागि छुट्याउनेछ। यस सम्बन्धमा गत कात्तिक २३ गतेको मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ। यसबाट सरकारले आव ०८१/८२ मा १६.३७ अर्ब, आव ०८२/८३ १८.०१ अर्ब, आवमा ०८३/८४ मा १९.८१ अर्ब र आव ०८४/८५ मा २१.७९ अर्बबराबरको कम्पनीलाई सहुलियत ऋण उपलब्ध गराउनेछ। यसैगरी, आव ०८५/८६ मा २३.९७ अर्ब, आव ०८६/८७ मा २६.३६ अर्ब, आव ०८७/८८ मा ३०.५७ अर्ब र आव ०८८/८९ मा २२.९१ अर्बबराबरको ऋण सरकारले दिनेछ।

आयोजना बनाउन आठ वर्ष लाग्ने अनुमान छ। तसर्थ, सरकारले आठ वर्षसम्म वार्षिक रूपमा ऋण उपलब्ध गराउनेछ। यसैगरी, सरकारले आयोजनामा ७३ अर्ब २० करोड सम्भाव्यता न्यून परिपूरक कोष (भिजिएफ) पनि दिनेछ। सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनले यस्तो कोषको व्यवस्था गरेको छ, जुन कोषबाट सरकारले अनुदान वा ऋण परिचालन गर्न सक्छ। यस्तो कोष तत्काल प्रतिफल दिने खालको परियोजना प्रयोग गर्न सकिनेछ। हालसम्म मुआब्जा वितरणमा सरकारले झन्डै ४३ अर्ब रुपैयाँ खर्च गरेको छ, त्यो रकम पनि भिजिएफमै गणना गरिनेछ। बाँकी भिजिएफ रकम भने मुआब्जा तथा क्षतिपूर्ति, पुनर्स्थापना, स्थानान्तरणमा खर्च गरिनेछ।

९०.७८ अर्बको इक्विटी : प्राधिकरणको ३५ अर्ब, ३० अर्बको आइपिओ : परियोजना निर्माण गर्न स्थापना गरिएको कम्पनीको चुक्तापुँजी ९०.७८ अर्ब बनाउने प्रस्ताव गरिएको छ। हाल उक्त कम्पनीको चुक्तापुँजी २० अर्ब रहेको छ, त्यो बढाउने प्रस्ताव गरिएको छ। यद्यपि, इक्विटीको आकार थपघट हुन सक्नेछ। त्यसमा नेपाल विद्युत् प्राधिकरणले ३५ अर्ब रुपैयाँबराबरको स्वपुँजी लगानी गर्नेछ। प्राधिकरणले निष्कासन गर्न लागेको ६० अर्ब रुपैयाँको आइपिओबाट आउने पैसा यहाँ लगानी गर्ने योजना छ। परियोजना बनाउन ३० अर्बबराबरको सेयर सर्वसाधारण तथा आयोजना प्रभावितलाई बिक्री गरिनेछ।

यसैगरी, परियोजनामा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र नेपाल टेलिकमलाई १०/१० अर्ब इक्विटी लगानी गर्न प्रस्ताव गरिएको छ। यो प्रस्तावमा उनीहरूले ५० प्रतिशत इक्विटी र ५० प्रतिशत ऋण लगानी गर्ने प्रतिबद्धता गरिसकेका छन्। यसैगरी, बिमा कम्पनीहरूलाई पाँच अर्ब, सामाजिक सुरक्षा कोषलाई एक अर्ब र एचआइडिसिएललाई तीन अर्ब इक्विटी लगानी प्रस्ताव गरिएको छ। एचआइडिसिएल इक्विटीसँगै व्यावसायिक कर्जा प्रवाह गर्नसमेत सकारात्मक देखिएको छ।

३२.०२ अर्ब व्यावसायिक ऋण : परियोजना बनाउन ३२ अर्ब दुई करोड व्यावसायिक ऋण खोजिनेछ। स्वदेशी बैंक तथा संस्थागत लगाानीकर्ताबाट सोबराबरको कर्जा ल्याइने कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगतकुमार श्रेष्ठले बताए। 'परियोजनामा व्यावसायिक ऋण लगानी गर्न बैंक तथा वित्तीय संस्था र संस्थागत लगानीकर्ताहरूको प्रतिस्पर्धा नै हुने संकेत देखिएको छ। तसर्थ, परियोजना निर्माणमा ऋण जुटाउन पनि समस्या नहुने देखिन्छ,' उनले बताए।

सेयर लगानीबाट बाहिरियो सरकार : परियोजनामा सरकारले सेयर लगानी भने नगर्ने भएको छ। यसअघि ऊर्जा मन्त्रालयको आठ अर्ब र अर्थ मन्त्रालयको चार अर्ब ८० करोड सेयर लगानी गर्ने गरी कम्पनी स्थापना गरिएको थियो। अहिले कम्पनीको सेयर संरचना पुनरावलोकन गरिएको छ।

कहिले उठाइन्छ इक्विटी र व्यावसायिक ऋण : कम्पनीले सहुलियत ऋणको अधिकांश पैसा सकिएपछि इक्विटी र व्यावसायिक ऋण लिनेछ। आव ०८४/८५ मा २३.५४ अर्ब, आव ०८५/८६ मा ४८.३३ अर्ब र आव ०८६/८७ मा १८.९२ अर्ब सेयर लगानी उठाइनेछ। यसैगरी, आव ०८६/८७ मा २९.१८ अर्ब र आव ०८७/८८ मा २.८४ अर्ब ऋण लिइनेछ।

आगामी आवबाट निर्माण सुरु : लगानीको खाका टुंगो लागेसँगै कम्पनीले आगामी आवदेखि आयोजनाको निर्माण सुरु गर्ने लक्ष्य लिएको छ। साथै, निर्माण सुरु गरेको ८ वर्षमा आयोजना सञ्चालनमा ल्याउने लक्ष्य छ। 'हामीले निर्माणको बोलपत्र आह्वान गर्न आन्तरिक तयारी गरिसकेका छौं। लगानीको सुनिश्चितता पनि भइसक्यो,' कम्पनीको सिइओ श्रेष्ठले भने, 'अर्को आवदेखि निर्माण सुरु हुन्छ। त्यसको ८ वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य छ।'

बढ्यो लागत अनुमान : कम्पनीले पछिल्लोपटक गरेको अध्ययनले आयोजनाको अनुमानित लगानी रकम बढेको छ। यसअघि सन् २०१५ मा आयोजना बनाउन दुई खर्ब ७० अर्ब रुपैयाँ लगानी आवश्यक देखिएको थियो। दुई वर्षअघि त्यो तीन खर्ब ३१ अर्ब रुपैयाँ पुगेको थियो। पछिल्लोपटक गरिएको अध्ययनले त्यो तीन खर्ब ७५ अर्ब ७८ करोड पुग्ने अनुमान गरिएको छ। मुख्यतः डलरको मूल्य बढ्दो अवस्थामा रहेकाले लागत अनुमान बढेको कम्पनीका सिइओ श्रेष्ठले बताए। डलरमा आयोजनाको लागत अनुमान दुई अर्ब ८९ करोड अनुमान गरिएको छ।

कति छ आयोजनाको प्रतिफल ? : अध्ययनअनुसार आयोजनाको स्वलगानी पे ब्याक अवधि ३.९७ वर्ष र ऋण पे ब्याक अवधि ९.०२ वर्ष रहेको छ। आयोजनाको स्वलगानी प्रतिफलदर १६.४५ प्रतिशत हुने अनुमान गरिएको छ। आयोजनाको प्रतिफलदर भने ८.२० प्रतिशत हुनेछ। आयोजनाको औसत रिटर्न अफ इक्विटी २०.८० प्रतिशत हुने अनुमान गरिएको छ। झन्डै ४० वर्षअघि सन् १९८३ मै यो आयोजनाको सम्भाव्यता अध्ययन भएको थियो। धादिङ र गोरखाको सिमानामा बन्ने यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा पनि गरिएको छ। तर, यसमाथि उच्चस्तरबाटै निर्माणमा ढिलाइ भएको थियो।

सरकार परिवर्तन हुनासाथ यो आयोजनामाथि हुने गरेको निर्णय नै उल्टाउने गरेको इतिहास छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ०७३ मा आफू प्रधानमन्त्री हुँदा उक्त आयोजना चीनको गेजुवालाई बनाउन दिने सहमति गरेका थिए। त्यसपछि ०७४ मा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए, उनले भने गेजुवाबाट उक्त आयोजना खोस्ने निर्णय गरेका थिए। त्यसपछि एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री हुँदा ०७५ मा उक्त आयोजना गेजुवालाई नै दिने निर्णय गरे। त्यसपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री भएपछि गत चैत ०७८ मा स्वदेशी लगानीमै उक्त आयोजना बनाउने भनेर गेजुवालाई दिने निर्णय खारेज गरिएको थियो। त्यसपछि ०७९ भदौमा कम्पनी स्थापना गरिएको थियो। अहिले माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री छन्, उनले यो आयोजना कुनै पनि हालतमा बनाउने बताउँदै आएका छन्। गत साउन पहिलो साता उनले गोरखास्थित कम्पनीको फिल्ड कार्यान्वयन उद्घाटन पनि गरेका थिए।

१० मिनेटभित्रै...

पृष्ठ १ बाट क्रमशः

भएपछि सेवा प्रवाह सहज र छिटो भएको बताए। 'अध्यागमन विभागले नेपालमा रहेका विदेशी नागरिक भिसा नवीकरण, स्थानान्तरण तथा पदयात्रा अनुमति लिन घन्टौं लाइन बस्नुपर्ने झन्झटबाट मुक्त भएका छन्। उनीहरूले बढीमा १० मिनेटभित्रै सेवा लिन सक्नेछन्। 'अटोमेसन' प्रणाली लागू गरिएपछि यो सम्भव भएको हो,' उनले भने।

विभागका अनुसार सेवा लिन सेवाग्राही अध्यागमन विभाग र मातहतको १५ वटै कार्यालयमा पुग्न सक्नेछन्। उनीहरूले कार्यालयमा राखिएको क्युएस मेसिनमा फाराम भर्न सक्नेछन्। त्यसलगत्तै सेवाग्राहीको मोबाइल वा इमेलमा कोड नम्बर आउनेछ। सोही कोड लिएर सेवाग्राही अध्यागमनको टेलर जान सक्नेछन्।

टेलरले अनलाइनबाटै अभौतिक (भर्चुअल) बिल भौचर बनाउनेछ। भौचरमा 'क्युआर कोड' आउनेछ। सोही 'कोड स्क्यान' गरेर सेवाग्राहीले 'अनलाइन पेमेन्ट' गर्न सक्नेछन्। पेमेन्ट सकिएलगत्तै भिसा स्वीकृति भएर आउनेछ। भिसा पासपोर्टमा टाँसेर सेवाग्राही कार्यालयबाट बिदा हुन सक्नेछ।

विभागका महानिर्देशक तामाङका अनुसार पहिला यही सुविधा लिन सेवाग्राही हाकिमको टेबुल-टेबुल धाउनुपर्थ्यो। यसो गर्दा सेवाग्राहीको कम्तीमा पनि एक घन्टा खर्च हुन्थ्यो। उनका अनुसार अध्यागमनको कार्यालयमा लाइन बस्ने सेवाग्राही हटिसकेका छन्।

विभागका अनुसार यो सेवा अब त्रिपुरेश्वरस्थित कन्सुलर सेवा विभागमा पनि लागू हुनेछ। यसका लागि अध्यागमन र कन्सुलरबीच सूचना आदान-प्रदान भइसकेको छ। सेवा सुरु भएपछि कूटनीतिक नियोगसँग सम्बन्धित कर्मचारीले कन्सुलर विभागमै भिसा नवीकरण, स्थानान्तरण र पदयात्रा अनुमति लिन सक्नेछन्। विभागका अनुसार यसपछि ई-भिसा प्रणाली लागू हुनेछ।

त्यसैबीच नेपाल आउन चाहने जोसुकै विदेशी नागरिकले संसारको जुनसुकै मुलुकबाट अनलाइनबाटै भिसा प्राप्त गर्न सक्ने प्रणालीमा जाने तयारी अध्यागमनले गरेको छ। यसका लागि विदेशी नागरिकले सम्बन्धित मुलुकबाटै नेपालको भिसा 'अप्लाई' गर्न सक्छ। भिसा 'अप्रुभ' भएपछि सम्बन्धित नागरिकको इमेलमा नोटिफिकेसनसहितको 'क्युआर कोड' जान्छ। सोही कोडमार्फत उसले भिसा शुल्क भुक्तानी गर्छ। नेपाल आउँछ। विमानस्थलस्थित अध्यागमको डेक्समा पुगेर पासपोर्टमा भिसा टाँस्छ। र, ऊ गन्तव्यतर्फ लाग्छ।

विभागका महानिर्देशक तामाङले नेपाल सरकारबाट राजस्व संकलन गर्ने डलर खाता सञ्चालनमा आएलगत्तै यो सेवा कार्यान्वयनमा आउने बताए। 'हामीले प्रणाली विकास गरिसकेका छौं। तर, राजस्व संकलन गर्न सरकारले डलर खाता खोलेको छैन। त्यसो हुँदा विदेशी नागरिकले भिसाबापतको शुल्क डलरमा भुक्तानी गर्न सक्दैनन्। डलर खाता सञ्चालनमा आएलगत्तै यो सुवा लागू हुनेछ,' उनले भने।

१९ सिट...

पृष्ठ १ बाट क्रमशः

निर्वाचनमा प्रदेश सभाका पाँच सय ४९ सांसद र एक हजार चार सय ९८ पालिका प्रमुख-उपप्रमुखले मतदान गर्दै छन्। निर्वाचन आयोगले एक प्रदेश सांसदबराबर ५३ र पालिकाको एक जनप्रतिनिधिबराबर १९ मतभार कायम गरेको छ। आयोगको तथ्यांकअनुसार निर्वाचनमा कुल मतभार ५७ हजार पाँच सय ५९ छ। मतभारमा सातै प्रदेशमा सत्तागठबन्धन अगाडि छ।

राष्ट्रिय सभा निर्वाचनमा प्रदेश सभा सदस्य र पालिका प्रमुख तथा उपप्रमुख मतदाता हुन्छन्। एक प्रदेश सांसदबराबर ५३ मतभार र पालिकाको एक जनप्रतिनिधिको मतभार १९ हुन्छ। यस हिसाबले पाँच सय ५० प्रदेश सांसद र एक हजार पाँच सय ६ पालिका प्रमुख-उपप्रमुखको मतभार ५७ हजार सात सय ६४ हुन आउँछ।

तर, मृत्यु भएर पद रिक्त भएका तथा निलम्बनका कारण मतदानमा सहभागी हुन नसक्ने एक प्रदेश सांसद र आठ पालिकाका जनप्रतिनिधि छन्। उनीहरूको मतभार घटाउँदा निर्वाचनमा ५७ हजार पाँच सय ५९ मतभार कायम हुने आयोगले जनाएको छ।

आयोगका प्रवक्ता पौडेलका अनुसार कोशीमा १० हजार एक सय ३५, मधेशमा १० हजार सात सय ४४, बागमतीमा १० हजार तीन सय ३३, गण्डकीमा ६ हजार चार सय १०, लुम्बिनीमा आठ हजार सात सय ५३, कर्णालीमा पाँच हजार ८४, सुदूरपश्चिममा ६ हजार एक सय मतभार छ। प्रत्येक प्रदेशमा दुई मतदान केन्द्र गरी १४ मतदान केन्द्र कायम भएका छन्।

निर्वाचनमा प्रदेश सभा सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको निर्वाचन चिह्नसहितको र पालिकाका प्रमुख र उपप्रमुखहरूका लागि सेतो रङको कागजमा रातो रङको निर्वाचन चिह्न रहेको मतपत्र छ।

०७४ माघमा निर्वाचित भएर गोलाप्रथाबाट ६ वर्षे कार्यकाल प्राप्त गरेका सांसदको पदावधि सकिन लागेको हो। कोशीमा महिला र अन्य क्लस्टरमा एक-एक, मधेशमा पनि महिला र अन्यमा एक-एक, बागमतीमा महिला, दलित, अल्पसंख्यक र अन्य क्लस्टरमा एक-एक गरी चार, गण्डकीमा महिला, अल्पसंख्यक र अन्यमा एक-एक गरी तीन, लुम्बिनीमा महिला र अन्यमा एक-एक गरी दुई, कर्णालीमा महिला, दलित र अन्यमा एक-एक गरी तीन तथा सुदूरपश्चिममा महिला, अल्पसंख्यक र अन्यमा एक-एक गरी तीन सिटका लागि निर्वाचन हुँदै छ।

आयोग प्रवक्ता पौडेलका अनुसार आठ दलबाट सातै प्रदेशमा महिला समूहतर्फ १८, दलिततर्फ पाँच, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २० उम्मेदवार छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८०/१०/११

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय टाँडी, चितवनबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तानी गर्ने बारेमा तपाई ऋणीलाई मिति बि.स. २०८०/०९/०२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय टाँडी, चितवनमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा

ऋणीको नाम : लामा होटल
दर्ता नं. : १०१/०७३/०७४ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन)
रजिष्टर्ड ठेगाना : भरतपुर म.न.पा. १२, चितवन
दर्ता मिति : २०७४/०१/१७
पान नं. : ६०६०५३०२६

प्रोप्राईटरको नाम र ठेगाना

नाम : हरि बहादुर लामा
बाबु : कृष्ण बहादुर लामा
बाजे : मान बहादुर लामा
पत्नी : बिन्दु लामा
स्थायी : बिरेन्द्रनगर ३, चितवन
हाल : भरतपुर म.न.पा.१२, चितवन
ना.प्र.नं. : २७४३
जारी मिति : २०३८/०२/३०
जि.प्र.का. : चितवन

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : बिन्दु लामा
बाबु : सिंह बहादुर लामा
पति : हरि बहादुर लामा
ससुरा : कृष्ण बहादुर लामा
ठेगाना : बिरेन्द्रनगर १, चितवन
हाल : भरतपुर म.न.पा.१२, चितवन
ना.प्र.नं. : ३५१०१०/६२
जारी मिति : २०७०/०२/१८
जि.प्र.का. : चितवन

२. नाम : आजाद लामा
बाबु : हरि बहादुर लामा
बाजे : कृष्ण बहादुर लामा
स्थायी : बिरेन्द्रनगर १, चितवन
हाल : भरतपुर म.न.पा.१२, चितवन
ना.प्र.नं. : ३५१०१०/५२२
जारी मिति : २०६८/०२/०२
जि.प्र.का. : चितवन

धितो राखिएको सम्पत्तिको विवरण

१. धितो सुरक्षण धनीको नाम:- हरि बहादुर लामा (तमाङ)

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
चितवन	बिरेन्द्रनगर	३ग	४६०	०-३-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्तिदिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत:जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुन:लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय टाँडी, चितवनमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१०/२६ गते, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय टाँडी, चितवन।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznb ank.com, ०१-५९७००६८

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन: ०१-४५२३४३२/३४

शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ
फोन नं.: ०१-५७१३१६६/९४

शाखा कार्यालय : विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१

को

शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/११ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ता समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

बुद्धबिर डंगोलको नाति, नारायण डंगोलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राम सुन्दर डंगोल (ना.प्र.प.नं. ७१७/६३४१, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

नारायण डंगोलको बुहारी, राम सुन्दर डंगोलको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **जिता मगर (ना.प्र.प.नं. २७-०१-७४-१५९४८, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

प्राइम कमर्सियल बैंकको नाममा यातायात व्यवस्था कार्यालय मेची, विर्तामोड, झापामा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :

सवारीको मोडल	च्यासिस नं.	इन्जिन नं.	दर्ता नं.
M Bolero LX 4 WD 2015	MA1WE4GHKF2H58632	GHF1H45716	मे १ ज ३१८४
M Bolero LX 4 WD P/S 2016	MA1WE4GHKG2A57053	GHG4AB0125	मे १ ज ३०९२
M Bolero 2WD- 2014	MA1WG2GHKE2F71508	GHE4E56554	मे १ ज ३०४७

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१०/११ गते बिहिवारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु नयाँ बानेश्वर, काठमाण्डौ र विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२५ गते बिहिवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२६ गते शुक्रवार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु नयाँ बानेश्वर, काठमाण्डौ र विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

त्रिविले नयाँ उपकुलपति पाउन अझै डेढ महिना लाग्ने

प्रतिस्पर्धी धेरै भएपछि डकुमेन्ट अध्ययन गर्न र अन्तर्वार्तामा समय लाग्ने भएकाले छनोट प्रक्रिया लम्बिने



● **शिवकुमार सापकोटा**
प्रवक्ता, शिक्षा मन्त्रालय

यसपटक स्वच्छ र प्रतिस्पर्धात्मक मोडलबाट उपकुलपति छनोट गरिँदै छ, तर योग्यता र अनुभवका हिसाबमा खारिएका धेरै व्यक्तिले दरखास्त दिनुभएको छ, यसलाई केलाउन र अन्य चरण पार गर्न समय लाग्छ। यसपटक स्वच्छ ढंगले उपकुलपति नियुक्ति गरिनेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिका लागि दरखास्त दिनेको संख्या धेरै भएकाले छनोट प्रक्रिया लम्बिने देखिएको छ। पहिलोपटक प्रतिस्पर्धाबाट हुन लागेको उपकुलपति छनोट प्रक्रियामा त्रिविका पूर्वउपकुलपति, अन्य विश्वविद्यालयका कुलपति, शिक्षाविद् लगायतले दरखास्त दिएका छन्। आवेदन धेरै परेको र दरखास्त दिने अधिकांश व्यक्ति योग्यता तथा क्षमताका हिसाबले अब्बल मानिएकाले पनि छनोटमा चुनौती देखिएको हो।



विगतमा सीधै उपकुलपति नियुक्ति गरिने प्रथा तोड्दै सरकारले खुला प्रतिस्पर्धाबाट छनोट गर्न लागेको हो। त्रिवि उपकुलपति बन्न ४३ जनाले दरखास्त दिएका छन्। जसमा दुई महिला पनि छन्। उपकुलपति नियुक्तिका लागि २३ पुसदेखि ८ माघसम्मका लागि विज्ञापन खोलिएको थियो। उपकुलपति छनोटका लागि सरकारले शिक्षामन्त्री अशोककुमार राईको संयोजकत्वमा छनोट समिति गठन गरी विज्ञापन खुलाएको थियो। छनोट समितिले योग्यतालाई बढी आधार मानेर उपकुलपति छनोट गर्नेछ भने डकुमेन्टका आधारमा ३० नम्बर र अन्य अन्तर्वार्ता तथा जवाफबाट ७० नम्बर प्राप्त गर्न सक्नेछन्।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले अपेक्षा गरिएभन्दा धेरै आवेदन परेकाले छनोटमा चुनौती हुने बताए। 'यसपटक स्वच्छ र प्रतिस्पर्धात्मक मोडलबाट उपकुलपति छनोट गरिँदै छ, तर योग्यता र अनुभवका हिसाबमा खारिएका धेरै व्यक्तिले दरखास्त दिनुभएको छ, यसलाई केलाउन र अन्य चरण पार गर्न समय लाग्छ,' उनले भने, 'यसपटक स्वच्छ ढंगले उपकुलपति नियुक्ति गरिनेछ।'

दरखास्त फाराममाथि छनोट समितिले विज्ञसहित बसेर अन्तर्वार्ता लिने र डकुमेन्ट केलाउने कार्य गर्नेछ। यी सबै कार्य गर्दा कम्तीमा डेढ महिना समय लाग्ने प्रवक्ता सापकोटाले बताए। उनका अनुसार छनोट समितिमा शिक्षामन्त्री, शिक्षासचिव र त्रिवि प्राध्यापक चन्द्रकाल घिमिरे छन्। समितिले शिक्षा विज्ञसहितको टोलीसँग बसेर योग्यता र अनुभव केलाउँदै नम्बर दिनेछ भने अन्तर्वार्ता तथा अन्य प्रस्तुति लिँदा पनि विज्ञसहित बसेर नम्बर दिइनेछ।

दरखास्त दिनेमा प्रा. तीर्थ खनियाँ, खुला विश्वविद्यालयका पूर्वउपकुलपति प्रा. लेखनाथ पौडेल, त्रिविका कार्यवाहक उपकुलपति प्रा. शिवलाल भुसाल, मानविकी संकायकी डिन प्रा. कुसुम शाक्य, मध्यपश्चिम विश्वविद्यालयका बहालवाला उपकुलपति प्रा. नन्दबहादुर सिंह, पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति प्रा. केशरजंग बराल, इन्जिनियरिङका पूर्वडिन त्रिरत्न बज्राचार्य, पूर्वरजिस्ट्रार एवं राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा. चन्द्रमणि पौडेललगायत छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वविद्यालयमा हुने गरेको राजनीतिक भागबन्डाको अन्त्य गर्ने बताउँदै आएका छन्। सोही कारण यसपटक प्रतिस्पर्धाबाट त्रिविमा उपकुलपति नियुक्ति गर्ने प्रक्रिया अघि बढाइएको हो। खुला प्रतिस्पर्धाबाट गर्न लागिएको नियुक्तिलाई कतिपयले औपचारिकता मात्रै हुने भन्दै टिप्पणी गर्दै आइरहेका छन्। तर, शिक्षामन्त्रीको संयोजकत्वमा बनेको त्रिभुवन विश्वविद्यालयका उपकुलपति छनोट समितिले स्वच्छ रूपले उपकुलपति छनोट हुने दाबी गर्दै आएको छ। शिक्षाविद्हरूले पनि सरकारले विगतमा भन्दा फरक ढंगले उपकुलपति छनोट गर्न लागेको बताउँदै यसमा पूर्वाग्रह हुन नहुने धारणा राख्दै आएका छन्।

शिक्षाविद्हरूसँग प्रधानमन्त्रीले भने-

कुलपतिबाट हट्न तयार छु, शिक्षा क्षेत्रलाई सुधार गरेरै छाड्छु



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शिक्षा क्षेत्रको सुधारका लागि आफू विश्वविद्यालयको कुलपतिबाट हट्न तयार रहेको बताएका छन्। बुधबार बालुवाटारमा करिब डेढ घन्टा शिक्षाविद् हरूसँग छलफल गरेका उनले त्रिविलगायत शैक्षिक क्षेत्र सुधार गर्ने प्रण गरे। 'कुलपतिबाट हट्न तयार छु, त्रिवि र अन्य शिक्षा क्षेत्र सुधार्न अरू के-के गर्नुपर्छ सरकार लागिपर्छ,' प्रचण्डले भने, 'नैतिक शिक्षा र अधिकार, कतर्व्यबारे बुझ्ने किसिमको शिक्षा दिनुपर्छ।' हाल त्रिविको कुलपति प्रधानमन्त्री रहने व्यवस्था छ।

प्रचण्डले शिक्षामा बजेट बढाउन अझै समस्या भइरहेको भए पनि यसलाई प्राथमिकतामा राख्ने बताउँदै शिक्षा क्षेत्र सुधार्न बल गर्ने बताए। उनले शिक्षामा दलीयता अन्त्य गर्न आफू लागिपरेको बताउँदै शिक्षा व्यवसाय र गरिखाने हुनुपर्ने धारणा पनि राखे। प्रधानमन्त्रीले नै गम्भीर विषयमा छलफल गर्ने भनेर डाकेपछि प्राध्यापक केदारभक्त माथेमा, डा. पीताम्बर शर्मा, कृष्ण खनाल, डा. चैतन्य मिश्र र विद्यानाथ कोइराला बालुवाटार पुगेका थिए। प्रचण्डले मुख्यतः ६ वटा विषयमा केन्द्रित भएर लामै समय छलफल गरे। त्रिविको नेतृत्व छनोट, बिदेसिने विद्यार्थी रोक्ने उपाय, नैतिक शिक्षा बलियो बनाउनेबारे, शिक्षामा परेको आर्थिक दबाब, खस्कँदो गुणस्तरीयता र यसअघिको संघीय शिक्षा ऐनबारे प्रधानमन्त्रीको बढी चासो थियो। छलफलका क्रममा सुरुमा पालैपालो पाँचजना विज्ञले आ-आफ्ना धारणा राखेका थिए।

सबैजसो विज्ञले शिक्षामा दलीयकरण साझा समस्याका रूपमा रहेको विषय उठान गरेका थिए। डा. शर्माले पहाडी क्षेत्रको पठनपाठन खस्किएको र त्यस क्षेत्रमा युवासमेत नबस्दा ग्रामीण शिक्षा क्षेत्र समस्याग्रस्त भएको विषय प्रधानमन्त्रीसमक्ष राखे। यसमा कसरी सुधार गर्ने भन्नेबारे उनको धारणा थियो। मिश्र र खनालले शिक्षक, विद्यार्थी र कर्मचारीमा भएको दलीयताबारे प्रश्न उठान गरे। माथेमाले त्रिविमा दरखास्त हालेर नेतृत्व छान्नुभन्दा लोकसेवालाई जिम्मा दिनुपर्ने धारणा राख्दै छनोट समितिलाई दिनुको औचित्य नभएको बताएका थिए। कोइरालाले त्रिवि समस्याग्रस्त हुनुको मूल कारण राख्दै त्रिविको कुलपतिबाट प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने धारणा राखे। 'त्रिविको कुलपतिमा प्रधानमन्त्री रहने व्यवस्था छ, अब कुलपति प्रधानमन्त्री वा मुख्यमन्त्री बन्नेछैन भनेर निर्णय गरिदिनुस्, यसले सुधार पनि ल्याउन सक्छ,' उनले भने, 'अर्को कुरा शैक्षिक क्षेत्रमा दलका संगठन खोल्न निरुत्साहित गर्ने तथा सीपयुक्त र गरिखाने शिक्षाबारे सरकारले ध्यान दिनुपर्छ।' उनले सबै पालिकामा विद्यार्थी बचत खाता सुरु गर्नुपर्ने, शिक्षकलाई वर्गीकरण गर्नुपर्ने, शिक्षक थप्न सक्ने अवस्था नभए पनि प्रविधि थप्नुपर्नेलगायत माग पनि राखेका थिए।

राष्ट्रिय मुक्ति क्रान्तिको तयारीमा राजेन्द्र महतो

मधेशी, आदिवासी जनजाति सबैलाई मिलाएर देशव्यापी आन्दोलन गर्ने दाबी, एजेन्डा बहुल राष्ट्र राज्य निर्माण

अनिल यादव/नयाँ पत्रिका

सत्तारूढ दल लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो नयाँ राजनीतिक शक्ति निर्माणमा जुटेका छन्। यसका लागि उनी राष्ट्रिय मुक्ति क्रान्तिको आन्दोलन थाल्ने तयारीमा छन्। बुधबार काठमाडौंमा 'गजेन्द्रबाबुको विचार र मधेशको वर्तमान राजनीति' विषयक अन्तर्क्रियामा उनले मेचीदेखि महाकालीसम्म, हिमालदेखि मधेशसम्म सबैलाई आन्दोलनका लागि तयार रहन आह्वान गरे। महतो केही दिनभित्रै आफ्नो नयाँ अभियान घोषणा गर्ने तयारीमा छन्।

गत प्रतिनिधिसभा निर्वाचनमा पराजयपछि मूलधारको राजनीतिमा भूमिकाविहीन देखिएका महतोले सार्वजनिक रूपमै आफ्नो पार्टी लोसपालाई 'लोसे' भएको टिप्पणी गर्दै आएका छन्। मंसिरको तेस्रो साता आयोजित लोसपाको केन्द्रीय समिति बैठकसमेत बहिष्कार गरेका महतो अब बहुल राष्ट्र राज्य निर्माणको एजेन्डासहित नयाँ आन्दोलनको तयारीमा लागेका हुन्।

'उत्पीडिनमा परेका सबै जातजाति र समुदाय मिल्नुपर्छ भन्ने गजेन्द्रबाबुको मान्यता थियो,' महतोले तत्कालीन सद्भावना पार्टीका संस्थापक सिंहलाई सम्झँदै भने, 'उहाँले यसका लागि प्रयास पनि गर्नुभयो, तर शासक वर्गले गर्न दिएनन्। पूर्वमा कोचेमेचे हुँदै पश्चिममा थारू र मुस्लिमसम्म सबैलाई मिलाएर पहिचानको लडाइँ लड्न चाहनुहुन्थ्यो। उहाँको अधुरो सपना पूरा गर्न बाँकी छ। अधिकार र पहिचानको सवाल बाँकी नै छ। पहिले पहिचान त्यसपछि अधिकार। पहिचान नभएपछि अधिकार कसरी पाइन्छ ? त्यसैले अहिले पनि पहिचानको संघर्ष प्राथमिकतामा रहनुपर्छ। यसका लागि आन्दोलन गर्न तयार हुनुपर्छ।'

सांस्कृतिक आन्दोलनमार्फत नयाँ क्रान्ति सुरु गर्ने तयारीमा रहेको महतोले बताए। 'बहुल राष्ट्र राज्य निर्माणका लागि देशमा एउटा क्रान्तिको आवश्यकता छ। अब त्यो आन्दोलन अर्थात् राष्ट्रिय मुक्ति क्रान्तिको परिकल्पना हामीले गरेका हौं,' महतोले भने, 'यो देशमा सबैले अधिकार र पहिचान पाउनुपर्छ। सांस्कृतिक आन्दोलनबाटै हाम्रो क्रान्ति सुरु हुन्छ। हामी पहिचान देखिने गरी सांस्कृतिक आन्दोलन गर्छौं। पछि त्यो पहिचानको अधिकारमा परिणत हुन्छ। हामी त्यसकै तयारी गरिरहेका छौं।'

● **राजेन्द्र महतो**, वरिष्ठ नेता, लोकतान्त्रिक समाजवादी पार्टी



बहुल राष्ट्र राज्य निर्माणका लागि देशमा एउटा क्रान्तिको आवश्यकता छ। अब त्यो आन्दोलन अर्थात् राष्ट्रिय मुक्ति क्रान्तिको परिकल्पना हामीले गरेका हौं।

महतोले उत्पीडिनमा परेका मधेशीसहित आदिवासी जनजाति समुदायलाई पनि आन्दोलनमा सहभागी गराएर देशव्यापी आन्दोलनको 'मोडल' तयार गरिरहेका छन्। 'उत्पीडनमा परेको मधेशी-जनजाति अब मिल्नुपर्छ,' उनले भने, 'सबै मिले भने हामीसँग दुईतिहाइ जनसंख्या हुन्छ। बाँकी जनसंख्याको सवाल पनि हामीले उठाउने हो। यहाँ हाम्रो सभ्यता र संस्कृतिमाथि पनि आक्रमण भइरहेको छ, त्यो पनि हाम्रो एजेन्डा हुन्छ। स्वदेशवाद भनेको त्यही हो। आफ्नो सभ्यता, संस्कृति र पहिचानको रक्षा गर्ने हो।'

महतो औपचारिक रूपमा लोसपा त्याग नगरी नयाँ अभियान घोषणा गर्ने तयारीमा छन्। 'यो देशलाई साझा फूलबारी भनियो, तर एकलजसरी चलाइयो,' उनले भने, 'तर, यो एकल जातीय राज्य होइन, यो बहुल राष्ट्रिय राज्य हो। यो मधेशीको पनि हो, जनजातिको पनि हो, थारूको पनि हो, खस-आर्यका पनि हो, सबैको देश हो। यद्यपि, अहिलेसम्म सबैको देश बन्न सकेन। एकल चिन्तन र सोचबाट यो देशको शासन र संविधान बनाइनु र चलाइनु नै यो सबै समस्याको जड हो। अब यसको अन्त्यका लागि आन्दोलनको तयारी गरेका हौं।'

नयाँ आन्दोलनको तयारीमा रहेका महतोलाई लोसपाकै युवा नेताहरू केशव झा, अनिल महासेठलगायतले साथ दिइरहेका छन्। नयाँ आन्दोलनको विचार र स्वरूप निर्माणका लागि महतोलाई दार्शनिक बुद्ध छिरिङ मोक्तानले सहयोग गरिरहेका छन्।

संक्षेप

नेपाली विशेषतासहित समाजवादको दस्ताबेज लेखिने

काठमाडौं/ एकीकृत समाजवादीले नेपाली विशेषतासहित समाजवादको दस्ताबेज तयार पार्ने भएको छ। आगामी महाधिवेशनमा पेस गर्ने गरी अध्यक्ष माधवकुमार नेपालको संयोजकत्वमा गठित महाधिवेशन दस्ताबेज समितिले लेखनको काम सुरु गरेको छ। २७ सदस्यीय महाधिवेशन दस्ताबेज समितिमा महासचिव घनश्याम भुसाललाई सचिवको जिम्मेवारी दिइएको छ।समाजवादी नीति र कार्यक्रम दस्ताबेजमा आउने समितिका सदस्य गणेश विकेले जानकारी दिए। दस्ताबेजमा रोजगारी, समृद्धि र सुशासनलगायत विषय समेटिने भएको छ।

एकीकृत समाजवादीले आगामी जेठमा महाधिवेशन गर्ने तयारी गरेको छ। महाधिवेशनमा नेपाली विशेषताको समाजवाद दस्ताबेजसहित राजनीतिक, सांगठनिक प्रस्ताव र विधानसहितका दस्ताबेज पेस हुने विकेले जानकारी दिए। श्रम गर्न सक्ने सबै नेपालीलाई कसरी रोजगारी दिएर समृद्धि र समाजवादको आधार तयार पार्ने भन्ने विषय पनि दस्ताबेजमा आउने भएको छ। उत्पादक पुँजी तथा रोजगारीको विकास नगरी देशबाट गरिबी हटाउन नसकिने र समृद्धि पनि प्राप्त गर्न नसकिने एकीकृत समाजवादीको निष्कर्ष छ। कृषि, उद्योग, पर्यटन, पूर्वाधार र विदेश नीतिबारे पनि दस्ताबेजमा स्पष्ट पारिने भएको छ। दस्ताबेजमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विषय समेटिने एकीकृत समाजवादीले जनाएको छ। महाधिवेशनअघि १४ र १५ माघमा विधान संशोधन गर्न केन्द्रीय परिषद्को दोस्रो बैठक बोलाइएको छ।

दुर्घटनामा एकको मृत्यु, दुई घाइते

कास्की/ सवारी दुर्घटनामा परी पोखरामा एकजनाको मृत्यु भएको छ। दुईजना घाइते भएका छन्। पोखरा महानगरपालिका- १८ चिसाखोलानजिक मेथलाङबाट बाग्लुङ बसपार्कतर्फ आउँदै गरेको ग.३च २६०३ नम्बरको दूध बोक्ने बोलेरो जिप बुधबार नियन्त्रण गुमाई सडकको दायाँतर्फ करिब २० फिट तल खसेर दुर्घटना भएको थियो। दुर्घटनामा जिपचालक कृष्णबहादुर थापा, हिमकला थापा र चन्द्रकला थापा गरी तीनजना घाइते भएका थिए। घाइतेलाई उपचारका लागि मणिपाल शिक्षण अस्पताल लगिएको थियो। जसमध्ये जिपचालक कृष्णबहादुरलाई चिकित्सकले मृत घोषणा गरेका थिए। अन्य दुई घाइतेको अस्पतालमा उपचार भइरहेको छ। हिमकलाको टाउको र चन्द्रकलाको ढाडमा चोट लागेको प्रहरीले जनाएको छ।

परशुराम नगरपालिकाले विद्यार्थीलाई विनाब्याज पाँच लाख ऋण दिने

डडेल्धुरा/ ३१ वर्षको उमेरमै परशुराम नगरपालिकाको मेयरमा निर्वाचित भएपछि भरत बडायर जोशीसँग जनताका जति अपेक्षा थिए, त्यति नै उनीमाथि आशंका पनि थियो। ०७९ को स्थानीय निर्वाचनमा काग्रेसबाट विजयी भएका उनले त्रिचन्द्र कलेजबाट फिजिक्समा स्नातक र चीनबाट एड्मोस्फेरिक फिजिक्समा स्नातकोत्तर उत्तीर्ण गरेका छन्। ३१ वर्षमै मेयरमा निर्वाचित भएपछि उनी सुदूरपश्चिममा 'कान्छा मेयर' भनेर पनि चिनिन्छन्।

मेयर जोशीले युवा पलायन रोक्ने योजना ल्याएका छन्। पछिल्लो समय अध्ययनकै लागि पनि युवाहरू विदेश पलायन हुने क्रम बढेपछि परशुराम नगरपालिकाले विद्यार्थीलाई अध्ययनका लागि विनाब्याज ऋण दिने योजना ल्याएको छ। 'आर्थिक समस्याका कारण यहाँका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा निकै समस्या भइरहेको छ,' जोशीले भने, 'उक्त समस्या समाधानका लागि विद्यार्थीले विनाब्याज पाँच लाख ऋण दिने योजना ल्याएका छौं। ऋण पाउन विद्यार्थीले एसइई वा कक्षा १२ सम्म अध्ययन गरेको शैक्षिक प्रमाणपत्र धितो राख्नुपर्नेछ।' विद्यार्थीलाई विनाब्याज पाँच लाख ऋण दिने योजनाले युवा पलायनको समस्या निराकरण गर्न टेवा पुग्ने जोशीले दाबी गरे। 'आर्थिक समस्या भएपछि अध्ययनसँगै केही आम्दानी पनि होला भनेर अहिले अधिकांश युवाको रोजाइमा उच्च शिक्षा अध्ययनका लागि विदेश परेको छ,' उनले भने, 'अब नगरपालिकाले नै विनाधितो ऋण दिने भएपछि युवाहरू विदेश जान छोड्नेछन् भन्ने अपेक्षा छ।' मेयर जोशीले नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने जेहेनदार र आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्न कठिनाइ भोगिरहेका विद्यार्थीलाई पनि राहत हुने बताए।

सवारी प्रदूषण जाँचको जिम्मा निजी क्षेत्रलाई दिने तयारी

मकवानपुर/ बागमती प्रदेश सरकारले सवारी प्रदूषण जाँचको जिम्मेवारी निजी क्षेत्रलाई दिने तयारी गरेको छ। काठमाडौं उपत्यकासहित प्रदेशका अन्य प्रमुख सहरमा समेत सवारी प्रदूषण जाँचका लागि निजी क्षेत्रलाई जिम्मेवारी दिने गरी नियमावली ड्राफ्ट भइरहेको हो। प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सवारी प्रदूषण जाँचको जिम्मेवारी निजी क्षेत्रलाई दिने गरी पहिलो चरणको छलफल प्रारम्भ गरी नियमावलीको ड्राफ्ट थालेको मन्त्रालयका सचिव बलराम निरौलाले जानकारी दिए।

यसअघि प्रदेश सरकारमातहतका यातायात व्यवस्था कार्यालयले सवारी प्रदूषण जाँचको काम गर्दै आएका थिए। निरौलाले प्रदेश सरकारले पहिलोपटक सवारी प्रदूषण जाँचको जिम्मेवारी निजी क्षेत्रलाई दिने र त्यसको नियमन सरकारले गर्ने गरी नियमावली ड्राफ्टको काम थालेको बताए। 'पहिलो चरणको छलफलमा प्रदूषण जाँचको काम निजी क्षेत्रलाई दिन सकिने भन्ने प्रस्ताव आएको छ। सोहीअनुसार मन्त्रालयले छलफल सुरु गरेको हो। नियमावली ड्राफ्टको काम पनि थालेका छौं। छलफल भइरहेको छ, निर्णय भइसकेको छैन,' उनले भने।

सचिव निरौलाले अझै एक-दुई चरणको छलफलपछिको निष्कर्षअनुसार कसरी जाने भन्ने निर्क्योल हुने बताए। उनले अहिलेसम्म सवारी प्रदूषण जाँचको काम कार्यालयमै गर्न जानुपर्ने बाध्यकारी व्यवस्थालाई सहज बनाउन खोजेको बताए। सवारी प्रदूषण जाँच गर्ने समयमा कार्यालय परिसरमा धेरै लाइन लाग्नुपर्ने समस्या भएकाले पनि त्यसलाई सहज बनाउन निजी क्षेत्रलाई जिम्मा दिन लागेको निरौलाको भनाइ छ। 'अहिले सवारीको प्रदूषण जाँच गर्न कार्यालयमै जानुपर्ने बाध्यता छ। त्यसलाई हटाउन चाहेका छौं। जाँचका क्रममा लामो लाइन बस्नुपर्ने बाध्यता पनि छ। त्यसले कार्यालयमा भिड हुने गरेको छ,' उनले भने।

सुन तस्करीमा संलग्न भन्सार अधिकृतसहित ६ जनालाई धरौटीमा छाड्ने आदेश

काठमाडौं/ तीन सय ६२ केजी सुन तस्करीमा संलग्न भन्सार अधिकृतसहित ६ जनालाई उच्च अदालत पाटनले धरौटीमा छाड्न आदेश दिएको छ। भन्सार अधिकृत गणेशप्रसाद पौडेल, नासु वीरेन्द्र नेपाली तथा गिरोहमा संलग्न रहेको भन्दै मुद्दा दायर गरिएका कृष्णकुमार श्रेष्ठ, पुष्कर्रराज भट्ट, सुदर्शन गौतम र यादव पराजुलीलाई धरौटीमा छाड्ने आदेश भएको हो।



उच्च अदालत पाटनका न्यायाधीशद्वय धीरबहादुर चन्द र कृष्णराम कोइरालाको इजलासले बुधबार भन्सार अधिकृत पौडेल र नासु नेपालीलाई जनही पाँच लाख धरौटीमा छाड्ने आदेश दिएको हो। गौतम र पराजुलीलाई जनही दुई लाख र श्रेष्ठ तथा भट्टलाई जनही एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको छ। पौडेल र नेपालीले आरसी लेखिएको सामान पुनः जाँचपासका लागि पठाउनुपर्नेमा नपठाएको अभियोग थियो। अर्का भन्सार अधिकृत सन्तोष चन्दलाई भने थुनामै राख्ने आदेश भएको छ। धरौटीमा छाड्ने आदेश भएका गौतम र पराजुली भन्सार एजेन्ट कम्पनीका प्रतिनिधि हुन्। उनीहरूले सुन लुकाएको ब्रेक सु भन्सारबाट छुटाएका थिए। श्रेष्ठ र भट्ट कार्गो कम्पनीका सञ्चालक हुन्। ट्रान्स ग्लोबल सर्भिल प्रालिका सञ्चालक रहेका उनीहरूले सुन लुकाइएको ब्रेक सु आयात गर्ने रेडी ट्रेडसँग कुनै लिखित सम्झौता नै नगरी सुन लुकाइएको सामान ओसारपसार गरेको अभियोग थियो। उनीहरूलाई जिल्लाले थुनामा पठाएकोमा उच्च अदालतले धरौटी खुलाएको हो।

तीन सय ६२ केजी सात सय ७८ ग्राम सुन तस्करीको अभियोगमा गत ३१ भदौमा जिल्ला अदालत काठमाडौंमा संगठित अपराध र सुन चोरी पैठारीको मुद्दा दायर भएको थियो। त्यसमध्ये ६० किलो सात सय १६ ग्राम सुन सिनामंगलमा बरामद भएको थियो। सिआइबीले २५ जनालाई पक्राउ गरी मुद्दा दायर गरेकोमा भन्सार एजेन्ट रुक्मिनी सुब्बालाई धरौटीमा छाड्ने आदेश दिई अन्यलाई थुनामा पठाउने आदेश दिएको थियो। अन्यलाई थुनामा राख्ने जिल्ला अदालतको आदेशलाई उच्चले सदर गरेको छ। यो घटनामा सरकारले उच्चस्तरीय जाँचबुझ आयोग गठन गरी थप छानबिन गरिरहेको छ। प्रहरीले पनि दोस्रो चरणमा थप अनुसन्धान गर्ने बताए पनि कुनै प्रगति हुन सकेको छैन।

खाद्य कम्पनीले यस वर्ष पनि लक्ष्यअनुरूप धान किन्न सकेन

कैलाली र कञ्चनपुरबाट ७५ हजार क्विन्टल धान खरिदको लक्ष्य, तर साढे २१ हजार क्विन्टल मात्र पायो

धनगढीमा **तेजराज भट्ट**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कैलाली र कञ्चनपुरमा यस वर्ष लक्ष्यअनुसार धान खरिद गर्न सकेन। दुई जिल्लाबाट ७५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको खाद्यले करिब साढे २१ हजार क्विन्टल मात्र धान पाएको छ। धान बिक्रीका लागि किसानहरू खाद्यले राखेका डिपोमा नगएपछि लक्ष्यअनुसार खरिद हुन नसकेको हो।

खाद्यले कैलालीका पाँच र कञ्चनपुरका एक ठाउँमा डिपो राखेर गत कात्तिकबाट धान खरिद सुरु गरेको थियो। सुरुका दिनमा धान बिक्रीका लागि कतिपय किसान खाद्यको डिपोमा पुगेका थिए। मंसिर तेस्रो सातापछि भने किसान धान बेच्न नआएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीको प्रादेशिक कार्यालय धनगढीले जनाएको छ।

कैलालीमा ६० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिइएको थियो। तर, हालसम्म १८ हजार ७८७ क्विन्टल मात्र खरिद भएको खाद्यको प्रादेशिक कार्यालय प्रमुख इन्जिला बस्नेतले जानकारी दिइन्। कैलालीको धनगढी, टीकापुर, सत्ती, भजनी र बर्दगोरियामा धान खरिद गर्न डिपो राखिएका थिए। खाद्यले सबैभन्दा बढी टीकापुरको डिपोबाट नौ हजार क्विन्टल धान खरिद गरेको छ।

बर्दगोरियाको डिपोमा भने धान बिक्री गर्न एकजना किसान पनि गएनन्। 'स्थानीय तहले गोदामको व्यवस्था गरिदिएपछि बर्दगोरियामा डिपो राख्यौं, तर धान बिक्री गर्न एकजना पनि आएनन्,' प्रादेशिक कार्यालय प्रमुख बस्नेतले भनिन्, 'अन्य डिपोमा पनि थोरै मात्र किसान आएकाले यस वर्ष लक्ष्यभन्दा कम धान खरिद भयो।'



धान बेच्दै किसान। फाइल तस्बिर

कञ्चनपुरको महेन्द्रनगर डिपोबाट १५ हजार क्विन्टल धान खरिदको लक्ष्य तोकिएकोमा तीन हजार क्विन्टल मात्र पाइएको खाद्यले जनाएको छ। खाद्यले धान खरिद सुरु गरेपछि व्यापारीले मूल्य बढाएर खरिद गरेकाले किसान व्यापारीकहाँ गएको हुन सक्ने उनले बताइन्। 'व्यापारीबाट बढी मूल्य पाएकाले किसान धान बिक्री गर्न हामीकहाँ नआएका हुन सक्छन्,' बस्नेतले भनिन्, 'बढी मूल्य पाउनु किसानका लागि राम्रै हो।'

सरकारले यस वर्षका लागि गत असारमै मोटो धानको न्यूनतम समर्थन मूल्य तीन हजार १९८ रुपैयाँ र मध्यम मसिनो धानको प्रतिक्विन्टल तीन हजार ३६२ रुपैयाँ तोकेको थियो। खाद्यले समर्थन धान खरिद सुरु गर्नुअघि व्यापारीले किसानबाट मोटो धान प्रतिक्विन्टल दुई हजार सात सयसम्ममा खरिद गरेका थिए।

सरकारले समयमै धान खरिद सुरु नगर्दा धानको मूल्यमा व्यापारीको मनोमानी हुने गरेको छ। धान बेचेरै हिउँदे बाली लगाउने र चाडपर्व मनाउने खर्च जोहो गर्नुपर्ने बाध्यताले कतिपय किसान खाद्यले सुरु गर्दासम्म व्यापारीलाई सस्तोमा धान बेचिसक्छन्। खाद्यले समयमै खरिद सुरु नगर्दा धानको मूल्यमा व्यापारीको मनोमानी हुने गरेको गुनासो किसानले गर्दै आएका छन्। चामलको मूल्यमा एकाधिकार जमाउन खाद्यले धान खरिद सुरु गरेपछि व्यापारीले पनि मूल्य बढाएर किन्ने गरेको बताइन्छ। विगतको तुलनामा खाद्यले यस वर्ष धान खरिद चाँडै सुरु गरेको थियो। कैलाली र कञ्चनपुर धान उत्पादनका लागि उर्वर जिल्ला हुन्। कैलालीमा करिब ७० हजार हेक्टर क्षेत्रमा धानखेती हुने गरेको तथ्यांक छ।

काठमाडौंमा पार्किङको सकस

जनताबाट पाइलैपाइलामा कर उठाउने तीन तहका सरकार राजधानी काठमाडौंको दीर्घकालीन पार्किङ समस्या समाधानबारे अलिकति पनि गम्भीर छैनन्



● प्रेमराज सिलवाल

अग्रलेख

चीनको राजधानी बेइजिङमा सवारीको बढी चाप नहुने, भित्री सडक तथा ठूला फराकिला सडकको पेटीपट्टिका साइडका कतिपय भाग र स्थानमा सेता धर्का कोरेर निश्चित संख्यामा मोटर गाडी पार्किङ गर्न दिएको देखिन्छ। स्कुटर र साइकललाई समेत छुट्टै स्थान तोकिएका छन्। भूमिगत पार्किङको पर्याप्त व्यवस्था गरिएको छ। दुई करोड ८० लाखभन्दा बढी जनसंख्या भएको, ६ वटा चक्रपथ भएको र निजी मोटरकार मात्रै लाखौँ लाख भएको चीनमा त्यसरी नागरिक र नगरवासीका लागि सरकारले न्यूनतम सहजीकरण तथा सुविधा प्रदान गरेको छ।

भारतको राजधानी नयाँदिल्लीको कनाट प्लेस, लाल किल्ला, पालिका बजारआसपास निश्चित स्थानमा पार्किङ गर्न दिने गरेको देखिन्छ। तर, नेपालको राजधानी काठमाडौंको मुख्य स्थानको पार्किङलाई आवश्यक नियमन, सहजीकरण र सीमित सुविधा प्रदान गर्नुपर्नेमा उल्टो निषेध, अनावश्यक सरकारी कडाइले राजधानीवासीमा पार्किङको कहर बढेको छ।

कार्यकारी पदमा रहेका व्यक्तिले 'पब्लिक कन्जम्सन' तथा सस्तो लोकप्रियताका आधारमा मात्र निर्णय गर्नुहुँदैन। सस्तो लोकप्रियता बटुल्ने सोचबाट भएका सबै निर्णय र आदेश सही हुँदैनन्। सरकारी वा सार्वजनिक निकायको कार्यकारी पदमा रहेका पदाधिकारीले निर्णय गर्ने वेलामा तीनचोटि सोच्नुपर्छ।

काठमाडौंमा अहिले सर्वसाधारण, सवारीधनी र पेसाकर्मीले आधारभूत रूपमा पाउनुपर्ने न्यूनतम सवारी पार्किङसम्बन्धी सुविधाबाट वञ्चित भई अन्याय, असुविधा र सरकारी कहर भोग्नुपरेको छ। सवारी चाप कम गर्ने नाममा काठमाडौं महानगरपालिका तथा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथले सीमित रूपमा दिइँदै आएको पार्किङको सुविधालाई पूरै कटौती तथा निषेध गर्दा धेरै उपभोक्ता अन्याय र मर्कामा परेका छन्।


प्रत्यक्ष सरोकार नभएका तर सार्वजनिक चासो भएकाहरूको आवाज सम्बोधन गर्ने नाममा प्रत्यक्ष रूपमा जोडिएका व्यक्ति, नागरिक र समाजको अधिकार तथा हितप्रतिकूल निर्णय भएमा त्यो अन्यायपूर्ण हुन्छ। प्रत्यक्ष सरोकार नभएका र मर्का नपर्ने व्यक्ति वा पक्षबाट 'ठीक गऱ्यो' भन्दै ताली लगाउने निर्णयले अर्को पक्ष र वर्गलाई पर्ने अन्याय, मर्का र क्षतिको सम्बन्धमा समेत पहिल्यै विचार गर्नु अत्यावश्यक हुन्छ।

काठमाडौंको प्रमुख व्यापारिक केन्द्र न्युरोड क्षेत्रको कालोपत्रे सडकमा पार्किङ पूर्णतः निषेध गर्ने काठमाडौं महानगरपालिको निर्णयले सो क्षेत्र आन्दोलित भएको छ। सो क्षेत्रमा व्यापार, व्यवसाय गरेर बसेका व्यवसायी र स्थानीयवासी महानगरको यस निर्णयबाट मारमा परेका छन्। राजधानीकै प्रमुख व्यापारिक क्षेत्रबाट पार्किङ हटेपछि सो क्षेत्रको व्यापारमै गम्भीर असर पर्ने भन्दै व्यापारीहरू आन्दोलनमा उत्रिँदा पनि महानगर आफ्नो निर्णय बदल्ने मुडमा देखिन्न। यसले कोभिडको मारमा थला परेका व्यवसायीमाथि थप कहर बर्सिएको छ।

काठमाडौंको भद्रकाली मन्दिरअगाडि पूजा गर्न आउने, नयाँ सवारीसाधनलाई पूजा गर्न ल्याउने, विवाह गर्न आउने र अन्य धार्मिक-सांस्कृतिक उद्देश्यले आउनेका करिब दुई दर्जन मोटरसाइकल र केही थान मोटर अस्थायी रूपमा पार्किङ गरिँदै आएकामा विनाकुनै वस्तुगत औचित्य, अर्थ र कारण अहिले निषेध गरी रोक लगाइएको छ। यसबाट मन्दिरमा आउने भक्तजन र नागरिकमाथि ठूलो अन्याय भएको देखिन्छ। दरबारमार्गमा पहँलो धर्को लगाएर एक लाइन पार्किङ गर्न विगतदेखि दिइँदै आएकामा अहिले त्यो पूरै निषेध गरिएको छ। त्यसबाट त्यहाँ लाखौँलाख भाडा तिरेर पेसा-व्यवसाय गर्ने र बजार गर्न आउनेहरूलाई प्रत्यक्ष अन्याय र असुविधा भएको छ।

प्रदर्शनीमार्गमा एक लाइन पार्किङ गर्न विगतदेखि दिइँदै आएको थियो। सामान्यतः सो क्षेत्रमा कम सवारीसाधन गुड्ने भएकाले कसैलाई असर र अप्ठेरो पनि परेको थिएन। तर, एक्कासि पार्किङ निषेध गर्दा सो क्षेत्रमा विद्यार्थी र भृकुटीमण्डम घुम्न आउने नागरिक बढी मर्कामा परेका छन्।

बबरमहलस्थित काठमाडौं जिल्ला अदालतबाहिरको सडकपेटी २० फिट फराकिलो रहेको छ। त्यहाँ ६ फिटका मोटरसाइकल पार्किङ गर्दा १४ फिट फुटपाथ बाँकी नै रहन्छ। जहाँ उल्लिखित अदालतमा आउने वकिल र सेवाग्राहीका केही दर्जन मोटरसाइकल पार्किङ विगतदेखि नै गरिँदै आएको थियो। सडकको पेटी फराकिलो भएको र तुलनात्मक रूपमा बटुवा कम हिँड्ने सो स्थानमा त्यसरी एक लाइन मोटरसाइकल पार्किङ गर्दा कसैलाई असर र अप्ठेरो परेको देखिन्नथ्यो। अहिलेको निषेधबाट वकिल र



सेवाग्राहीलाई प्रत्यक्ष रूपमा असुविधा र दुःख भएको छ। बागबजार क्षेत्रमा एक लाइन मोटरसाइकल मात्र पार्किङ गर्न दिइँदै आएकोमा अहिले रोक लगाइएको छ। जसबाट ठूलो संख्यामा विद्यार्थी, स्थानीय व्यवसायी, घरधनी र नागरिकलाई मर्का परेकोतर्फ अनदेखा गरिएको छ।

> काठमाडौंको भृकुटीमण्डप, टुँडीखेल वा अन्य कुनै उपयुक्त स्थानमा करिब पाँच हजार मोटरसाइकल र करिब दुई हजार मोटरकार पार्किङ गर्न सकिने सुविधासम्पन्न र आधुनिक भूमिगत पार्किङस्थल निर्माण गर्नु अत्यावश्यक छ

महानगरपालिका प्रमुख बालेन साह र ट्राफिक प्रहरीले सस्तो लोकप्रियताका लागि अनावश्यक रूपमा पार्किङ निषेध गरेका छन्। सार्वजनिक कर्तव्य र दायित्वलाई बेवास्ता गर्दै अनुत्तरदायी र अव्यावहारिक निषेध नागरिकमाथि थोपरिएको छ। यसले समस्या झन्-झन् विकराल बन्दै गएको देखिन्छ। नागरिक र सेवाग्राहीलाई परेको यसप्रकारको अन्यायमा सरकारी र सार्वजनिक कार्यालय सहयोगी होइन, निर्दयी, रमिते र अनुत्तरदायी बन्दै छन्। सरकारी र सार्वजनिक कार्यालयमा पार्किङको पर्याप्त स्थान हुँदा पनि त्यहाँ सर्वसाधारणले सवारीसाधन पार्किङ गर्न पाउँदैनन्।

नेपाल सरकारले सवारीसाधनमा दुई सयदेखि तीन सय प्रतिशत कर असुल्छ। सवारीसाधनको नवीकरणमा चर्को शुल्क र जरिवाना लिन्छ। तर, नागरिकलाई दिने सेवा र सुविधामा जिम्मेवार बन्न सक्दैन। पार्किङसम्बन्धी समस्या समाधान गर्न दीर्घकालीन योजना तर्जुमा गरी काठमाडौंको बीचमा ठूलो आकारको भूमिगत वा अन्य सुविधा सम्पन्न पार्किङ स्थलको निर्माणबारे चाहिँ सोच्दै सोच्दैन।

पाइला-पाइलामा कर लिने र आफूलाई संविधानले व्यापक अधिकार दिएको भन्ने ठान्ने र व्यवहार गर्ने महानगरपालिका पनि दीर्घकालीन पार्किङबारे गम्भीर देखिएन। सत्ताधारी र सरकारी 'हाकिमको नजरबाट' हेर्दा सामान्यजस्तो लाग्ने उल्लिखित समस्या वास्तवमा गम्भीर प्रकृतिको छ। दीर्घकालीन समाधानको उपाय नखोज्ने हो भने भविष्यमा यसले ठूलो सामाजिक, कानुनी, व्यावहारिक र नैतिक संकट निम्त्याउन सक्ने खतरा बढ्दै गएको देखिन्छ।

नेपालको संविधानको धारा १६ को उपधारा (१) मा सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकबारे उल्लेख गरिएको छ। सम्मानपूर्वक बाँच्न पाउने वाक्यको ज्यादै फराकिलो अर्थ तथा महत्त्व हुन्छ। संविधानप्रदत्त सबै अधिकारको उद्देश्य व्यक्तिको जीवनलाई अधिकारसम्पन्न, मर्यादित र सम्मानित तुल्याउनु हो। सम्मानपूर्वक बाँच्न पाउने हकको अर्थ केवल जनावरजस्तो प्रकारले बाँच्नु नपर्ने भन्ने होइन। संविधान मूलतः अधिकारहरूको दस्ताबेज हो। संविधानद्वारा निर्दिष्ट गरिएको मनासिब नियन्त्रणको परिधि नाघेर राज्य र सार्वजनिक पदाधिकारीलाई जथाभावी र स्वेच्छाचारी ढंगले नागरिकको संविधानप्रदत्त पेसा, व्यवसायको स्वतन्त्रतामा बन्देज र निश्चित क्षेत्रका नागरिकलाई प्रत्यक्ष अन्याय एवं असुविधा हुने गरी नियन्त्रण गर्न पाउने छुट छैन। सबै नागरिकको सम्मानित र मर्यादित ढंगले आफ्नो पेसा, व्यवसाय गर्न पाउने अधिकार, हक र सुविधामा आँच पुऱ्याउनु भनेको संविधानमा भएको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको उल्लंघन गर्नु र मानवअधिकारको समेत हनन गर्नु हो।

सरकारी र सार्वजनिक निकायले आफ्ना नागरिकलाई शत्रु देशका नागरिकजस्तो गरी भित्र पस्न नदिने शैली अपनाएका छन्। सरकारी र सार्वजनिक कार्यालयको कार्यशैली र रबैया नाफामूलक प्राइभेट कम्पनीको जस्तो देखिन थालेको छ। सरकारी निकाय तथा सार्वजनिक कार्यालयहरू मूलतः नेपाली जनता र सरकारका सार्वजनिक सम्पत्ति हुन्। सरकारी कार्यालयले निजी कम्पनीबाट सुरक्षा गार्ड ल्याएर आफ्ना ढोकामा राख्ने र कार्यालयभित्र पर्याप्त पार्किङ भएका, सुरक्षा संवेदनशीलता नभएका र सार्वजनिक सेवाको भिड अत्यन्त न्यून भएका कार्यालयले समेत नागरिकलाई केही घन्टा पार्किङ गर्न नदिनु अन्याय हो।

संविधान र कानुनले दिएकोभन्दा पनि बढी आफूलाई अधिकार भएको सोच्ने र व्यवहार गर्ने काठमाडौं महानगरपालिकाले पार्किङसम्बन्धी दीर्घकालीन सोच, योजना र नीति ल्याउन आवश्यक देखेन। काठमाडौंको भृकुटीमण्डप, टुँडीखेल वा अन्य कुनै उपयुक्त स्थानमा सुविधासम्पन्न र आधुनिक भूमिगत पार्किङस्थल निर्माण गर्नु अत्यावश्यक भइसकेको छ। जहाँ करिब पाँच हजार मोटरसाइकल र करिब दुई हजार मोटरकार अटून्। त्यस्तो भौतिक निर्माण तत्कालै थाल्नुपर्ने देखिन्छ। काठमाडौंको पार्किङ र ट्राफिक समस्या डरलाग्दो बन्दै गएकाले त्यस्तो भूमिगत पार्किङ अनिवार्य भएको हो।

विनाऔचित्य, आधार र आवश्यकता निषेध गरिएका उल्लिखित स्थानमा आवश्यक नियमन गरी तत्कालका लागि पार्किङ खोल्नुको विकल्प देखिन्न। सस्तो लोकिप्रियता र सार्वजनिक खपतका लागि पार्किङ निषेधको अर्थ छैन। आमनागरिकलाई भरपर्दो पार्किङ सुविधा दिनु राज्यको दायित्व हो। यसतर्फ तीनै तहका सरकारले तत्काल सोचून्, गृहकार्य गरून् र पार्किङका लागि उपयुक्त विकल्प तयार गरून्। अहिले लागू गरिएको पार्किङ निषेधले धेरै क्षेत्रका नागरिकमाथि प्रत्यक्ष कहर सिर्जना गरेको छ। यसलाई तत्काल सच्याइयोस्।

(सिलवाल अधिवक्ता हुन्)

३ प्रश्न

ग्यास विक्रेता महासंघका अध्यक्ष **चन्द्र थापा**लाई



अहिले उठिरहेको ग्यास विक्रेता प्रमाणीकरणको विषय के हो ?

प्रज्ज्वलनशील पदार्थ एलपी ग्यास सहरदेखि गाउँसम्म र घरायसीदेखि व्यावसायिक प्रयोजनसम्म प्रयोग भइरहेको सन्दर्भमा देशैभरिका स्थानीय निकायमा कारोबारलाई व्यवस्थित र सुरक्षित बनाउन ल्याइएको अवधारणा नै ग्यास विक्रेता प्रमाणीकरण हो। यो अवधाणा विगत सात वर्षदेखि ग्यास आपूर्ति कम हुँदा र पटक-पटक ग्यास दुर्घटना हुँदा चर्चामा आउने र फेरि सेलाउने गरेको छ।

ग्यास विक्रेता प्रमाणीकरण भएपश्चात् के हुन्छ ?

ग्यास कारोबारमा विक्रेता प्रमाणीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ। व्यवस्थित रूपमा ग्यास कारोबार गर्ने विक्रेता मात्रै प्रमाणीकरणमा आउँछन्। यसका लागि आवश्यक नीति, नियम बनाइनुपर्छ र त्यसैअनुरूप स्थानीय निकायले ग्यास डिलर व्यवसाय अनुमति दिने प्रणाली सुरु हुन्छ। जसमा ग्यासको छुट्टै पसल, अग्नि नियन्त्रक यन्त्र, जोख्ने तराजु, मूल्यसूची, व्यवसाय गर्न सरकारी अनुमति पत्र, सम्बन्धित उद्योगको बिक्री अनुमति पत्र अनिवार्य हुन्छ। अहिले जस्तो छरपस्ट ग्यास डिलर हुँदैनन्। सबै डिलर आयल निगम र ग्यास उद्योगको सफ्टवेयरभित्र रहने हुँदा उपभोक्ताले कुन कम्पनीको ग्यास कहाँ पाइन्छ भनेर सजिलै थाहा पाउन सक्छन्।

हालसम्म प्रमाणीकरणको विषय किन अगाडि नबढेको हो त ?

जब-जब ग्यास आपूर्तिमा समस्या आउँछ, तब मात्रै विक्रेता प्रमाणीकरणले चर्चा पाउँछ। आपूर्ति सहज हुनासाथ पुनः यो विषय सेलाउने गरेको छ। बजार अव्यवस्थित बनाएर धमिलो पानीमा माछा मार्ने केही व्यक्तिको स्वार्थले पनि यो विषय रोकिएको हो। तर, नीति-नियम बनाएर उपभोक्ता, उद्योगी, विक्रेता र सरकारको हितमा रहेको यो व्यवस्था लागू गर्न अब ढिला गर्नुहुँदैन।

प्रेरक प्रसंग

लाटोकोसेरोको पीडा

एउटा गाउँनजिकै घना जंगल थियो। त्यहाँ अनेक जनावर र चराचुरुंगी बस्थे। एउटा लाटोकोसेरो पनि परिवारसाथ त्यहीं बस्थ्यो। जंगलका सबै पशुपक्षी उसको बोलीलाई अत्यन्त अशुभ मान्थे। त्यसैले, उसलाई कसैले पनि आफ्नो नजिक आउन दिँदैनथ्यो। उसले बोल्नासाथ सबैले उसलाई बेस्सरी गाली गर्थे र सकभर भगाउने प्रयत्न गर्थे। ऊ नजिकको मानव बस्तीतिर पनि जान सक्दैनथ्यो। मानिसले पनि उसलाई मन पराउँदैनथे। प्रायः रातको समयमा बोल्ने लाटोकोसेरोको आवाज सुनेपछि मानिसले पनि उसलाई बेस्सरी गाली गर्थे। कतै देखिहाले भने ढुंगाले हान्नसमेत बेर लगाउँदैनथे।



जंगलदेखि मानव बस्तीसम्मै यस्तो अपमान हुन थालेपछि लाटोकेसेरो निकै दुःखी भयो। उसलाई आफ्नो परिवार लिएर कतै टाढाको अर्कै जंगलतिर जान पाए हुन्थ्यो जस्तो लाग्न थाल्यो। दिन-प्रतिदिन उसमा निराशा बढ्दै गयो। नजिकै उसको निकै मिल्ने साथी चमेरो बस्थ्यो। एकरात दुवै एकै स्थानमा भेला भए। लाटोकोसेरोले भन्यो- मित्र चमेरो, म त अब यहाँ बस्न नसक्ने भएँ। जता गए पनि सबैले मलाई खिल्ली उडाउँछन्। कसैले पनि मलाई नजिक जान दिँदैनन्। मानिसले त झन् मलाई देख्नै सक्दैनन्। अब म परिवार लिएर अन्तै जान्छु। तिमीहरू राम्ररी बस्नू!

चमेरोले सम्झाउँदै भन्यो- मित्र लाटोकोसेरो, जहाँ गए पनि परिस्थिति यस्तै हो। आफू जन्मेको स्थानमा त यो अवस्था छ भने नयाँ ठाउँमा के मात्रै नहोला ? तिमी जहाँ गए पनि तिम्रो आवाज त साथमै जानेछ। अनि, तिमीले त्यहाँ पनि अपमान नै त पाउनेछौ। त्यसैले, चिन्तित हुनुपर्ने कुनै कारण छैन। उनीहरूले तिम्रो निन्दा गर्छन् भने तिमी त्यता ध्यानै नदेऊ। आफूले सद्गुण अपनाऊ। यही त हो, सुखी जीवनको रहस्य।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यतै काम पाए को जान्छ विदेश ?

नेपाली युवा शक्तिलाई स्वदेशमै सरकारले रोजगारी दिए विदेशीको गुलामी गर्न किन विदेश जाँदा हुन् र ? राज्यले नै देशका लागि चाहिने ज्ञान हासिल गर्न पठाउने र त्यो ज्ञानलाई स्वदेशमा लगाई आर्थिक उन्नति गर्न सक्नुपर्ने हो। तर, यसतर्फ सरकारले ध्यान दिन सकेको देखिन्न। स्थानीय, प्रदेश र संघ गरी तीनै तहका सरकारले एकजुट भएर युवालाई देशमै काम लगाउने योजना बनाएर अघि बढ्ने हो भने यहाँ रोजगारीको अवसर जुटाउन सक्छन्। देशका युवालाई स्वदेशमा काम दिने हो भने यो देशको मुहार फेर्न कठिन छैन। त्यसैले, युवालाई विदेश निर्यात गर्ने होइन, स्वदेशमै काम दिनेबारे सोचौं।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

न्युरोडको पार्किङ नहटाऊ

काठमाडौं महानगरले न्युरोड क्षेत्रको पार्किङ हटाएपछि सो क्षेत्रका व्यवसायी आन्दोलित भएका छन्। महानगरले भरपर्दो विकल्प नदिई पार्किङ हटाएपछि व्यापारीहरू चर्को मारमा परेका छन्। न्युरोड क्षेत्रबाट पार्किङ हटाइएपछि उपभोक्ताको चहलपहल कम हुँदा व्यापार व्यवसायमा मन्दी आएको भन्दै व्यवसायी आन्दोलित भएका हुन्। महानगरले न्युरोड क्षेत्रलाई पायक पर्ने गरी भरपर्दो विकल्प नदिई यसरी एकाएक पार्किङ हटाउनु जायज छैन। त्यसैले, निर्णय फिर्ता लिएर न्युरोड क्षेत्रमा पार्किङ सुचारु गरियोस्।

● **गोविन्द विक**
पकनाजोल, काठमाडौं

मधेशमा जसपाको बलमिचाइ

मधेसमा जसपाले आफ्नो नेतृत्वमा सरकार हुँदाको आडमा दादागिरी देखाएको छ। सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा प्रमुख अतिथि आफ्नो पार्टीका अध्यक्षलाई बनाएर मधेश प्रदेशका मुख्यमन्त्रीले ठूलो राजनीति गरेका छन्। आफ्नो पार्टीका अध्यक्ष पराजित भएको क्षेत्रमा विश्वविद्यालयको शिलान्यासमा संघीय शिक्षामन्त्री, प्रदेश शिक्षामन्त्री या मुख्यमन्त्री स्वयंलाई प्रमुख अतिथि बनाइएको भए त्यसले राम्रो सन्देश दिने थियो। तर, पराजित उम्मेदवारलाई मुख्य अतिथि बनाएर मधेश सरकारले पार्टीको बलमिचाइ देखाएको छ।

● **मनीषा महतो**
राजविराज, सप्तरी

रेलमा घाटाको व्यापार किन ?

नागरिकको आधारभूत आवश्यकता के हो पहिला सरकारले त्यता ध्यान दिनुपऱ्यो। घाटाको व्यापार गर्नुको अर्थ छैन। नेपालमा रेलवे सेवा भनेको घाटाको व्यापार हो भन्ने कुरा जनकपुर-जयनगर रेलसेवाले देखाएको छ। यस रेलसेवामा आम्दानीभन्दा खर्च झन्डै दोब्बर बढी देखिएको छ। यसलाई तत्काल बन्द गर्नुपर्छ। आफूलाई फाइदा भयो भन्दैमा घाटाको व्यापार गरीबस्नु त ठीक भएन नि सरकार! अर्काको देशले के गऱ्यो होइन, हाम्रो देशका लागि के आवश्यक छ, त्योचाहिँ हेर्नौं। आफ्नो भूगोलअनुसार योजना बनाऔं। देशप्रति गम्भीर भएर सोचौं।

गर्न सक्ने र हुन सक्ने काम गरौं। नचाहिँदा काममा जनतालाई रनभुल्लमा नपारौं। सकिन्छ भने राजधानीकै सडक बनाउने काम थालौं। सडक भत्किएर हिँड्न नहुने भएका छन्, त्यता ध्यान दिऊँ। रेल भित्र्याउने सपना देखाएर जनता ढाँट्ने काम नगरौं। रेल चलाउनै हुँदैन भन्ने होइन, तर त्यसका लागि प्रभावकारी होमवर्क चाहियो नि। कमिसनकै लागि भारतबाट थोत्रा रेल किनेर नेपाल भित्र्याउने काम ठीक होइन। नेपालमा रेल चलाउनैपर्छ भन्ने पनि छैन। भएका बाटाघाटा राम्रो बनाउन सकियो भने विकास भएको मान्न सकिएला। सरकारले योजना बनाउँदा जनहित र राष्ट्रहितविपरीत योजना नबनाऊँ। त्यसैले सरकार, रेल होइन, सडक राम्रो बनाऊ। यसैमा सबैको हित छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लालसागर संकट र बिआरआईको महत्त्व

बिआरआई साझेदारी कुनै भयावह षड्यन्त्र नभई अनिश्चितता र अवरोधको युगमा हरेक राष्ट्रलाई आवश्यक पर्ने एक खाका हो

देश/विदेश

शनिबारका दिन प्रतिष्ठित अमेरिकी पत्रिका 'फरेन पोलिसी'मा 'चीन समयभन्दा अगाडि छ र यसलाई लालसागर संकटले प्रमाणित गर्छ' नामक शीर्षकमा लेख छापिएको थियो। सो लेखमा भनिएको छ, 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) कुनै भयावह षड्यन्त्र थिएन। यो अनिश्चितता र अवरोधको युगमा हरेक राष्ट्रलाई आवश्यक पर्ने एक खाका थियो।' यो लेख एक अमेरिकी विद्वान्ले लेखेका हुन्। यसले वर्तमान विश्वव्यापी अवस्था र चीनसँगको सम्बन्धप्रति अमेरिका र पश्चिमा मुलुकका केहीले आत्म-प्रतिबिम्ब गरेको संकेत गर्छ। लालसागर क्षेत्रमा द्वन्द्वका कारण एसिया र युरोपबीच मालवाहक जहाजको ढुवानी मूल्य दोब्बर भएको छ। यो अवस्थामा लेख आउनु एकदमै सोचनीय छ।

बेल्ट एन्ड रोड इनिसिएटिभप्रति अमेरिका र पश्चिमा राष्ट्रको समग्र दृष्टिकोण मित्रवत् छैन र चीनलाई नियन्त्रण गर्ने अमेरिकी रणनीति अघि बढ्दै गर्दा यो दृष्टिकोण झन् बिग्रिँदै गएको छ। यस्तो माहोलमा फोरेन पोलिसी पत्रिकाका लागि वस्तुनिष्ठता र तर्कसंगततालाई आत्मसात् गर्ने बिआरआईको महत्त्वलाई चिन्ने र पुष्टि गर्ने लेख प्रकाशित हुनु दुर्लभ घटना हो र यो सहज छैन। उसो त यसले अमेरिका र पश्चिमा जनमतमा परिवर्तन भएको भन्ने तथ्यको प्रतिनिधित्व गर्न सक्दैन, तर यसले कम्तीमा बिआरआई साझेदारीको तथ्य र सत्यलाई पूर्ण रूपमा लुकाउन र विकृत गर्न सकिँदैन भन्ने संकेत गर्छ।

फोरेन पोलिसीको लेखको दृष्टिकोण एकदमै स्पष्ट छ, अर्थात् बिआरआई साझेदारी कुनै भयावह षड्यन्त्र नभई अनिश्चितता र अवरोधको युगमा हरेक राष्ट्रलाई आवश्यक पर्ने एक खाका हो। लालसागर संकटलाई उदाहरणका रूपमा लिँदै सो लेखले एउटा विशेष चुनौतीलाई औंल्याउँछ। गम्भीर अविश्वास र अप्रत्याशित संकटले ग्रस्त विश्वमा विश्वव्यापी सार्वजनिक हितमा अर्थपूर्ण सामूहिक कार्य गर्नका लागि एउटा स्पष्ट मार्ग छ। त्यो मार्ग भनेको माग पूरा गर्न आपूर्तिका लागि थप मार्गको निर्माण गर्नु नै हो। र, बिआरआईले ठ्याक्कै यही गरिरहेको छ। चीन एक यस्तो देश हो, जसले वर्षौंदेखि मार्ग निर्माण गर्नुपर्छ भन्ने थाहा पाएको छ र यसमा काम गरेको छ भन्ने लेखमा उल्लेख छ।

संयोगवश, अमेरिकी पत्रिका द डिप्लोमेटले हालै एउटा लेख प्रकाशित गरेको छ। यसले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) र पश्चिमी देशको पूर्वाधार सहायता कार्यक्रमबीच साझेदारीको सम्भावनालाई विचार गरेको छ। स्पष्ट प्रतिस्पर्धी हुनुको सट्टा बिआरआई र पश्चिमा पहल एक-अर्काका पूरक हुन सक्छन्। लेखले 'पहलले प्रस्तावक र आयोजक देशको हितमा दिइएको प्रस्तावको सकारात्मक नतिजालाई कसरी लाभान्वित गर्न सक्छ' र 'आर्थिक पहलको विशुद्ध प्रतिस्पर्धात्मक ढाँचा सफल हुने सम्भावना छैन' भनेर औंल्याएको छ। शब्द सूक्ष्म छन् तर यसले व्यक्त गर्न चाहेको कुरा स्पष्ट छ, अर्थात् विश्वव्यापी पूर्वाधार सम्पर्ककाका मामिलामा द्वन्द्वात्मक सोच वा रबैया सम्भव छैन। यी दुई लेखले स्पष्ट वास्तविकतालाई सीधा अवलोकन र स्वीकार गर्छन्, अर्थात् कुनै पनि थपघट वा पक्षपातपूर्ण व्याख्याविना दुवै लेखले परिप्रेक्ष्य प्रस्तुत गरेका छन्। हामी आशा गर्छौं कि यी दुवै लेखले पश्चिमा संसारमा सकारात्मक प्रभाव पार्न सकून्।

उथलपुथलपूर्ण अन्तर्राष्ट्रिय अवस्था, दोहोरिइरहने क्षेत्रीय संकट र विश्वले सामना गरिरहेका विभिन्न विश्वव्यापी समस्याबीच हामी छौं। बेल्ट एन्ड रोड इनिसिएटिभले एसिया, युरोप, अफ्रिका र ल्याटिन अमेरिकाबीचको कनेक्टिभिटी र सहकारी विकासलाई



तस्बिर : तेङ तेङ्फी/ग्लोबल टाइम्स

प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यसले उल्लिखित समस्याको आधारभूत समाधान प्रदान गर्छ। यसविपरीत, अमेरिका र उसका सहयोगी विश्वलाई सैन्य, कूटनीतिक र आर्थिक क्षेत्रमा विभाजित गर्न, टकरावलाई प्रोत्साहन गर्न र निरन्तर संकट सिर्जना गर्न केन्द्रित छन्। चीन र पश्चिमा विश्वले विश्वव्यापी संकटलाई फरक-फरक दृष्टिकोणले हेर्छन्, प्रत्येकका फरक लक्ष्य र स्पष्ट रूपमा फरक परिणाम छन्। लालसागर संकटबाहेकका अन्य धेरै उदाहरणमा पनि यो भिन्नता चित्रित हुने गर्छन्।

बेल्ट एन्ड रोड इनिसिएटिभले सम्पर्क सञ्चारको सामर्थ्य देखाएको छ। यसले विभिन्न देशका लागि थप विकासका अवसर सिर्जना गर्दै र जोखिमविरुद्ध व्यावहारिक कवचको काम गरिरहेको छ। धेरैभन्दा धेरै मानिसले बिआरआईको मूल्य र विश्वव्यापी महत्त्व महसुस गरिरहेका छन्। विश्वव्यापी शासन प्रणालीले संरचनागत झट्का सामना गरिरहँदा बिआरआई सतहमा आयो र सबैभन्दा महत्त्वपूर्ण विश्वव्यापी सार्वजनिक वस्तुमध्ये एक बन्यो। अमेरिकाको वर्तमान उदासीनता र युरोपको शक्तिहीन अडानलाई ध्यानमा राख्दै गर्दा चीनले यस्तो महत्त्वपूर्ण सार्वजनिक उत्पादन प्रस्ताव गर्नमा अग्रणी भूमिका निर्वाह गर्नु ऐतिहासिक रूपमा अपरिहार्य छ।

बेल्ट एन्ड रोड इनिसिएटिभलाई कमजोर पार्ने प्रयास गर्ने केही व्यक्तिले जित र हारमा मात्रै केन्द्रित जिरो-सम गेम (एकको हारमा अर्काको जित) मानसिकता अपनाइरहेका छन्। यी व्यक्ति केही पश्चिमी देशमा जनमत र राजनीतिक अभियानलाई प्रभाव पार्ने काममा संलग्न छन्। फरेन पोलिसीको लेखले यी व्यक्तिका प्रभावित पार्ने कामले विश्व र विश्वव्यापी हितलाई कमजोर बनाउँदै छ भन्ने स्पष्ट पारेको छ। पश्चिमा सम्भ्रान्तसहित अन्य मानिसको बढ्दो संख्याले बिस्तारै बिआरआईको महत्त्व बुझ्नेछन्। सम्पर्कको माध्यमबाट साझा विकासलाई सहकार्य गरेर मात्रै हामीले विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्छौं। विश्व शान्ति र समृद्धि कायम राख्न यो दृष्टिकोण आवश्यक छ।

(ग्लोबल टाइम्सको २२ जनवरीको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

न्युह्याम्पसायरको जितसँगै रिपब्लिकनबाट ट्रम्पको उम्मेदवारीको सम्भावना बलियो

आयोवा र न्युह्याम्पसायर जितेको रिपब्लिकनले अहिलेसम्म मनोनयनको लडाइँ हारेको छैन

सन् २०२४ को राष्ट्रपति चुनावका लागि रिपब्लिकन उम्मेदवारको मनोनयनका लागि न्युह्याम्पसायरमा भएको अन्तरपार्टी चुनावमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले प्रतिद्वन्द्वी निक्की हेलीलाई उछिनेका छन् । योसँगै ट्रम्पले रिपब्लिकन उम्मेदवारको सम्भावना थप बलियो बनाएका छन् । आयोवा र न्युह्याम्पसायर दुवैमा जित हासिल गरेका कुनै पनि रिपब्लिकनले अहिलेसम्म मनोनयनको लडाइँ हारेका छैनन् । कैयौँ कानुनी मुद्दा खेपिरहेका ट्रम्पमाथि राष्ट्रपति छाड्ने वेला समर्थकहरूलाई संसद् भवनमा आक्रमण गर्न उक्साएको गम्भीर आरोप छ । यी कानुनी झमेलाका बाबजुद ट्रम्पलाई नोभेम्बरमा हुने राष्ट्रपतीय चुनावमा रिपब्लिकन पार्टीको प्रबल दाबेदारका रूपमा हेरिएको छ ।

पार्टीका प्रतिद्वन्द्वीबीचबाट उम्मेदवार चुन्न महिनौँ लामो प्रक्रिया हुने गर्छ । यसका लागि सबै ५० राज्यका पार्टी एकाइमा मतदान हुने गर्छ । रिपब्लिकनहरूले अप्रिलसम्म वा अझ त्योभन्दा चाँडै नै आफ्नो उम्मेदवार को बनाउने भन्ने लगभग निश्चित गर्नेछ । अब आगामी चुनाव नेभाडा र त्यसपछि अर्को महिना हेलीको गृहराज्य साउथ क्यारोलिनामा हुनेछ । नेभाडामा ट्रम्पले आफूले जित्ने शतप्रतिशत रहेको दाबी गरिसकेका छन् । साउथ क्यारोलिनामा भने ट्रम्पले पूर्वगभर्नरसमेत रहेका हेलीभन्दा लगभग ३० प्रतिशत अंक बढी मत ल्याउने दाबी गरेका छन् । यसअघि आयोवामा भएको चुनावमा तेस्रो र न्युह्याम्पसायरमा दोस्रो स्थानमा रहेकी हेलीको स्थिति अनिश्चित छ । तर, उनले आफ्ना समर्थकलाई आफू अझै पनि प्रतिस्पर्धामा रहेको र कमसेकम साउथ क्यारोलिनासम्म आफ्नो निर्वाचन यात्रालाई अघि बढाउने बताएकी छन् ।



‘म राष्ट्रपति भएको भए युक्रेन र गाजामा युद्ध हुने थिएन’

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले न्युह्याम्पसायरको जितपछि पत्रकारहरूसँग बोल्ने क्रममा ‘मेक अमेरिका ग्रेट अगेन’को नारालाई जोड दिँदै आफू दोस्रोपटक राष्ट्रपति भएको भए युक्रेन र गाजामा द्वन्द्व हुने स्थिति नै नआउने दाबी गरे । ट्रम्पले वर्तमान बाइडेन सरकारको गलत नीतिका कारण आज देशले युद्धका नाममा पैसा गुमाइरहेको बताए । पूर्वराष्ट्रपति ट्रम्पले आफू सत्तामा हुँदा सबै कुरा ‘सहज र राम्रोसँग’ चलिरहेको भए पनि आज पूरै विश्व ‘हिंसा’को त्रासमा रहेको बताए । ‘हाम्रो सरकारले ती मुलुकसँगका समस्यालाई राम्रो तरिकाले सम्बोधन गरेको थियो । कुनै युद्ध थिएन । रुसले युक्रेनमाथि कहिल्यै आक्रमण गर्ने थिएन र इजरायलमाथि पनि आक्रमण हुने थिएन । अहिले इरानले चारैतिर पैसा फैलाइरहेको छ । हामी फेरि मध्यपूर्वमा बमबारी गर्दै छौँ, र यसको कुनै असर छैन,’ ट्रम्पले भने ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, विराटनगर, मोरङ्गका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने तथा धितोमा रहेको सवारी साधन बुझाउन ल्याउनेबारेको ३५ दिने सार्वजनिक सूचना

(मिति २०८०/१०/११ गते विहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न सम्बन्धित ऋणी तथा जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । अतः यो सूचना प्रकाशित भएको मितिल ३५ दिन भित्र तपसलिमा उल्लेखित धितोमा रहेको सवारी साधन बुझाउनु हुन तथा बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउन हुन तपाइँ ऋणी तथा जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई नबुझाएमा तथा बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट नगर्नु भएको खण्डमा उक्त सवारी साधन गायव बनाएको मानी बैंकले लेना रकम असुल उपर गर्न तहाँको अन्य कुनै वा सबै सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणीबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्यौंट गर्नु हुने अपेक्षा गरिएको छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

ऋणी : गनपैत यादव (ना.प्र.न.१२४७/(५२७)७ जारी मिति २०४४/१२/०८ जारी गर्ने कार्यालय जि.प्र.का. सिराहा) । ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.बि.स. वडा नं.९ (हाल धनगढिमाई न.पा. वडा नं: ७) । बाबु : सेवनी यादव । बाजे : राम धनी यादव ।	**जमानतकर्ता : राममुखी यादव** (ना.प्र.न.०३४६२७६७, जारी मिति २०५४/०४/१९जारी गर्ने कार्यालय जि.प्र.का. सिराहा) । ठेगाना : सिराहा जिल्ला अयोध्यापुर गा.बि.स. वडा नं.९, (हाल धनगढीमाई न.पा.वडा नं ७) । बाबु : भागवत यादव । ससुरा : सेवनी यादव/पति : गनपैत यादव ।

ख.बैंकमा बुझाउन ल्याउनु पर्ने सवारी साधनको विवरण :

सवारी दर्ता नं.	मोडल	च्यासिस नम्बर	ईन्जिन नं.
ना ७ ख ५४९५	TATA HCV TRUCK WITH TANKER BODY	MAT448037H5C04439	71C84374005

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/१०/११ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिकीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिकी हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।१०।१८ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिकी हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि. नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः कुम कुम सुदिष्ट ट्रेडर्स** (नेपाल सरकार,वाणिज्य मन्त्रालय वाणिज्य विभाग लहानको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ८२७७/२०७५/०७६ दर्ता मिति : २०७५/०४/२३ स्थायी लेखा नं.: ६१६३९६९४२ ठेगानाः सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ । **प्रोप्राईटरः सत्य नारायण साहु सुडी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७७३८००५७/५१०४(२०३५/०३/०८/सिराहा) बाजेको नामः सन्त साहु बाबुको नामः गोखुल साहु सुडी ठेगानाः सिराहा जिल्ला, रामनगर गा.वि.स. वडा नं.७ । **व्यक्तिगत जमानतकर्ताहरुः** **१. राकेश साह सुडी** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०(२०६२/०५/१५/सिराहा) बाजेको नामः जिवछ साह सुडी बाबुको नामः नारायण साह सुडी ठेगानाः सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं.२ । **२. रेणु कुमारी साह** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५-०१-७४-०५८०३(२०७४/०५/१४/सिरहा) बाबुको नामः सत्य नारायण साह सुडी ससुराको नामः नारायण साह सुडी पतिको नामः राकेश साह सुडी ठेगानाः सिराहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ । **३. दुलारी देवी सुडीन** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७७३८००५८(२०३६/१२/०७/सिराहा) बाबुको नामः राम प्रसाद साहु ससुराको नामः गोखुल साहु सुडी पतिको नामः सत्य नारायण साहु सुडी ठेगानाः सिराहा जिल्ला, रामनगर गा.वि.स. वडा नं.७ ।	सन्त साहु को नाति, गोखुल साहु सुडीको छोरा, सिराहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ७ बस्ने **सत्य नारायण साह सुडी**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ८ ग स्थित कि.न. २२४, २२२ र २२३ को क्षेत्रफल ०-२-६, ०-१-९, र ०-२-३ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	आवधिक कर्जा	**ऋणीको नामः अम्बर बहादुर दमाई / अर्जुन नेपाली** **अम्बर बहादुर दमाई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५८९/९७/१४०(२०४४/११/१८/सोलुखुम्बु) बाजेको नामः काले दमाई बाबुको नामः बल बहादुर दमाई ठेगानाः सोलुखुम्बु जिल्ला, तिडला गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा., वडा नं. ११ । **अर्जुन नेपाली** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८०६८/२५३(२०६३/०१/११/सोलुखुम्बु) बाजेको नामः बल बहादुर दमाई बाबुको नामः अम्बर बहादुर दमाई ठेगानाः सोलुखुम्बु जिल्ला, तिडला गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा., वडा नं. ११ । **व्यक्तिगत जमानतकर्ताः रूपा दमाई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९०/७८०४/२०६(२०५४/०१/१७/सोलुखुम्बु) बाबुको नामः कृर्ते दमाई ससुराको नामः बल बहादुर दमाई पतिको नामः अम्बर बहादुर दमाई ठेगानाः सोलुखुम्बु जिल्ला, तिडला गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा., वडा नं. ५ ।	काले दमाई को नाति, बल बहादुर दमाई को छोरा, सोलुखुम्बु जिल्ला, तिडला गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा., वडा नं. ११ बस्ने **अम्बर बहादुर दमाई** को नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, तिडला गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.न. १२३६ र १२३२ को क्षेत्रफल ६८०.०० र ९०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
३.	१.ओभरड्राफ्ट सुविधा २.बैंक जमानत ३.डिमाण्ड कर्जा	**ऋणीको नामः न्यू लक्ष्मी कपी उद्योग** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय मोरङ,विराटनगरमा दर्ता रहेको) दर्ता नं.: ९९००/०६८/०६९ दर्ता मिति : २०६८/०८/१४ स्थायी लेखा नं.: ३०२७२८३५० ठेगानाः मोरङ्ग जिल्ला,उर्लाबारी न.पा. वडा नं.१ । **प्रोप्राईटरः लक्ष्मी श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३६१(२०४९/०९/२३/मोरङ्ग) बाजेको नामः छविलाल श्रेष्ठ बाबुको नामः भीम बहादुर श्रेष्ठ ठेगानाः मोरङ्ग जिल्ला,मधुमल्ला गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं.१ । **व्यक्तिगत जमानतकर्ताः अमिता श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२९ (२०४४/१०/२७/धनकुटा) बाबुको नामः जगत बहादुर श्रेष्ठ ससुराको नामः भीम बहादुर श्रेष्ठ पतिको नामः लक्ष्मी श्रेष्ठ ठेगानाः धनकुटा जिल्ला, धनकुटा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ ।	छविलाल श्रेष्ठको नाति, भीम बहादुर श्रेष्ठको छोरा, मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ बस्ने **लक्ष्मी श्रेष्ठ**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.न. ६६३ को क्षेत्रफल ०-१२-२-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	१.ओभरड्राफ्ट सुविधा २.बैंक जमानत ३.डिमाण्ड कर्जा	**ऋणीको नामः करिश्मा हार्डवेयर** (नेपाल सरकार उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा दर्ता रहेको) दर्ता नं.: २५६५७/०७०/७१ दर्ता मिति : २०७०/०५/११ स्थायी लेखा नं.: ३०४३९९१२३ ठेगानाः मोरङ्ग जिल्ला, रतुवामाई न.पा.,वडा नं. ८ । **प्रोप्राईटरः टंक बहादुर कार्की** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५-०२-७३-०४१७२(२०७३/१२/३१/मोरङ्ग,रंगेली) बाजेको नामः बिर बहादुर कार्की बाबुको नामः भक्त बहादुर कार्की ठेगानाः मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ८ । **व्यक्तिगत जमानतकर्ताः कपिल कार्की** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५२००४/१७२३७(२०७१/०२/२२/मोरङ्ग) बाजेको नामः भक्त बहादुर कार्की बाबुको नामः टंक बहादुर कार्की ठेगानाः मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं.७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ८ ।	१.बिर बहादुर कार्कीको नाति, भक्त बहादुर कार्कीको छोरा, मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ८ बस्ने **टंक बहादुर कार्की**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्ना अनुसारको सम्पत्तिहरूः क) मोरङ जिल्ला,राजघाट (बेलबारी) गा.वि.स./ न.पा. वडा नं. ६(त्र) स्थित कि.न. २१७ र १७७ को क्षेत्रफल ०-०-५-० र ०-०-५-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । ख) मोरङ जिल्ला,राजघाट (बेलबारी) गा.वि.स./ न.पा. वडा नं. ६(झ) स्थित कि.न. ३०५ को क्षेत्रफल ०-१-०-३ बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ग) मोरङ जिल्ला,राजघाट(बेलबारी) गा.वि.स./ न.पा. वडा नं. ६(य) स्थित कि.न. ५२१, ५४७ र ५२२ को क्षेत्रफल ०-०-६-०, ०-०-१२-० र ०-०-९-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरहवा, रूपन्देहीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः**२०८०/१०/११ गते विहिबारको नयाँ पत्रिका राष्ट्रिय** दैनिक पत्रिका)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/१२ गते मंगलबारको नागरीक राष्ट्रिय दैनिक पत्रिका र मिति २०८०/०६/२३ गते मंगलवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकमा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देही**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/१०/२६ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देही**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण :

१. ऋणीः नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोगक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६५/१०/२१ गते प्रा.फ.र.नं.२३३०१ समुन्द्रपार आयत मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवा रुपन्देहीबाट मिति २०६५/१०/२२ (मु.अ.कर दर्ता मिति २०६७/०१/१२) मा करदताको नाम रामेश्वर पाण्डे कारोबारको नाम सान्भी ट्रेकर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३४२४२८८ को प्रमाण पत्र प्राप्त स्थित **सान्भी ट्रेडर्स ।रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं. ०४ ।	**प्रोप्राइटर तथा जमानतकर्ता : रामेश्वर पाण्डे** (ना.प्र.नं. २६५७० जारी मिति २०६१/०५/२८ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) । बाबु : विरेन्द्र कुमार पाण्डे । बाजे : गोवर्धन पाण्डे ।
जमानतकर्ता : शिप्रा गुप्ता पाण्डे (ना.प्र.नं.३७-०१-७१-०२६४७) जारी मिति २०७१/०३/१२ जारी गर्ने कार्यालय जि. प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) बाबु : रविन्द्र कुमार गुप्ता । पति : रामेश्वर पाण्डे/ससुरा : विरेन्द्र कुमार पाण्डे ।	**जमानतकर्ता : दिपेन्द्र पाण्डे** (ना.प्र.नं.३७१०२१/३६०५६ जारी मिति २०६५/०२/१० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) । बाबु : विरेन्द्र कुमार पाण्डे । बाजे : गोबरधन पाण्डे ।
जमानतकर्ता : विन्दु पाण्डे (ना.प्र.नं. १८६०८ जारी मिति २०४६/०७/०९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) बाबु : अजोध्या पाठक । पति : गोवर्धन पाण्डे/ससुरा : जगत नारायण पाण्डेय ।	**जमानतकर्ता : अलेन्द्र कुमार पाण्डेय** (ना.प्र.नं.५३ जारी मिति २०४९/१०/०९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) । बाबुः गोवर्धन पाण्डेय । बाजे : जगत नारायण पाण्डेय ।

लिलाम बिक्री हुने धितो सुरक्षणको विवरण :

१. बिरेन्द्र कुमार पाण्डे..१, अलेन्द्र कुमार पाण्डेय..१ र विन्दु पाण्डे ..१ समेत जना ३ (तिन) को संयूक्त नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.बि.स.वडा नं.**२** सिट नं २ख स्थित कि.नं. १०२७ क्षेत्रफल १८६.२२ ब.मी. को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

२. विन्दु पाण्डेको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ३ सिट नं १०४०२३७२४ स्थित कि.नं.८० क्षेत्रफल १४७.२० ब.मी.को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

३. ऋणी **सान्भी ट्रेडर्स**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत.......१

२. ऋणीः रामेश्वर पाण्डे (ना.प्र.नं. २६५७० जारी मिति २०६१/०५/२८ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) । बाबु : विरेन्द्र कुमार पाण्डे । बाजे : गोवर्धन पाण्डे ।	**जमानतकर्ता : मिरा पाण्डे** (ना.प्र.नः १२९ जारी मिति २०४६/०२/३१ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि. वडा नं.०३, (हाल ओमसतिया गा.पा.वडा नं.०४) । बाबु : रुद्र नारायण मिश्र । ससुराः गोबरधन पाण्डे । पति : विरेन्द्र कुमार पाण्डे ।	**जमानतकर्ता : दिपेन्द्र पाण्डे** (ना.प्र.नं.३७१०२१/३६०५६ जारी मिति २०६५/०२/१० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला बसन्तपुर गा.वि.स.वडा नं.०२, (हाल ओमसतिया गा.पा.वडा नं. ०४) । बाबु : विरेन्द्र कुमार पाण्डे । बाजे : गोबरधन पाण्डे ।

लिलाम बिक्री हुने धितो सुरक्षणको विवरण :

मिरा पाण्डेको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.बि.स. वडा नं. २ नक्सा सिट नं २ स्थित कि.नं. ३० क्षेत्रफल ५८.०० ब.मी र ऐ.ऐ. वडा नं.२ नक्सा सिट नं. २ख(५६१)-२ स्थित कि.नं. २० क्षेत्रफल १७४.५० ब.मी. को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

३. ऋणी : राफीक अहमद खां (ना.प्र.नं.४/३३६३, जारी मिति २०५३/०६/१५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०४ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३) । बाबु : स्व.कमरुदीन खां ।बाजे : यासीन खां ।	**जमानतकर्ता : समिउन्तीस मुसलमान** (ना.प्र.नं. ५७३७ ,जारी मिति २०६३/०४/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०४ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३) । बाबु : यहसानुल्लाह खा । पति/ससुरा : राफीक अहमद खां/स्व.कमरुदीन खां ।
जमानतकर्ता : अब्दुल मुवीन (ना.प्र.नः ११/१९०२ जारी मिति २०४५/०२/०५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, लुम्बिनी अर्दश गा.वि.स. वडा नं. ०२ (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.०३) । बाबुः अवदुल अजीम । बाजेः हवलदार अजीम ।	**जमानतकर्ता : भुल्लन प्रसाद यादव** (ना.प्र.नः ४८२४ जारी मिति २०४४/०४/२२ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, पिवा गा.वि.स. वडा नं. ०३ (हाल कोटहीमाई गा.पा. वडा नं.०३) । बाबुः स्व.नोहर अहिर । पत्नी : आरती यादव ।

लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :

राफीक अहमद खांको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला लुम्बिनी अर्दश गा.वि.स.वडा नं. ४ नक्सा सिट नं.४ स्थित कि.नं. ३८८ र ३९२ क्षेत्रफल ०-१०-८-० र ०-१५-१९.५-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, तथा शाखा कार्यालय भैरहवा रुपन्देहि**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय भैरहवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ११ माघ ०८०

सिँचाइ आयोजनाको विद्युत् व्यवस्थापन गर्न छुट्टै बोर्ड बनाइने

निर्माणाधीन सिँचाइ आयोजनाहरू सुनकोसी मरिनमा ३१.०७ मेगावाट, भेरी बबईमा ४६.८ मेगावाट र रानी जमरा कुलरियामा ४.७१ मेगावाटको पावर प्लान्ट निर्माणाधीन, कालीगण्डकी-तिनाउ डाइभर्सनबाट एक सय ३३ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य

मिलन विश्वकर्मा, तेजराज भट्ट/नयाँ पत्रिका

सिँचाइ आयोजनाअन्तर्गत बन्ने विद्युत् पावर प्लान्ट (जलविद्युत्गृह) सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै सरकारी बोर्ड तथा समिति गठन गरिने भएको छ। जलस्रोत तथा सिँचाइ मन्त्रालयले अहिले त्यसबारे छलफल गरिरहेको छ।

सिँचाइ आयोजनाअन्तर्गत विद्युत् पावर प्लान्ट बनेपछि त्यसको व्यावसायिक सञ्चालन गर्ने अधिकार सरकार (जलस्रोत तथा सिँचाइ विभाग)लाई छैन। सोही अवस्थालाई दृष्टिगत गर्दै विभागले यस्ता आयोजनाअन्तर्गत बन्ने पावर प्लान्टलाई व्यावसायिक रूपमै सञ्चालन गर्न बोर्ड बनाउने प्रस्ताव ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पठाएको हो।

सरकारको सिँचाइ नीतिमा पनि सिँचाइ आयोजनाअन्तर्गतको पावर प्लान्टलाई सञ्चालन र व्यवस्थापन गर्न बोर्ड बनाउने परिकल्पना छ। विभागको प्रस्तावअनुसार बोर्ड बनाउन मन्त्रालयमा छलफल भइरहेको जलस्रोत तथा सिँचाइ सचिव सुशीलचन्द्र तिवारीले बताए। सिँचाइ आयोजनाको बाइप्रडक्टका रूपमा हुने पावर प्लान्टलाई सञ्चालन गर्न बोर्ड बनाउने प्रस्तावबारे छलफल भएको उनको भनाइ छ। यद्यपि, सबै आयोजनाका लागि एउटै वा फरक-फरक बोर्ड बनाउने भन्ने विषयमा टुंगो लागेको छैन। 'अहिले यो छलफलकै चरणमा छ। अन्य मोडलबारे पनि छलफल गरेका छौं, यसबारे छिट्टै उचित निर्णय गर्नेछौं।'

यसअघि सञ्चालन गर्न उचित संयन्त्र नहुँदा सुनसरी-मोरङ सिँचाइ आयोजनामा रहेको ३.२ मेगावाटको पावर प्लान्ट सन् १९९६ मा नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गरिएको थियो। अहिले निर्माणाधीन सिँचाइ आयोजनाहरू सुनकोसी-मरिनमा ३१.०७ मेगावाट, भेरी-बबईमा ४६.८ मेगावाट र रानी जमरा-कुलरियामा ४.७१ मेगावाटको पावर प्लान्ट छ। यसैगरी, कालीगण्डकी-तिनाउ डाइभर्सन सिँचाइ आयोजनाबाट एक सय ३३ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ। हाल त्यसको उचित व्यवस्थापन तथा सञ्चालन संयन्त्र तथा नीतिगत व्यवस्था नभएपछि बोर्ड बनाउने प्रस्तावबारे मन्त्रालयमा छलफल भइरहेको अधिकारीहरू बताउँछन्।

मन्त्रालयका अनुसार सोही बोर्डले नै प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौता गर्ने, आयोजना सञ्चालन गर्ने, आयोजनाको मर्मत-सम्भार गर्ने अवधारणा बनाएको छ। अहिले जलविद्युत्का प्रवर्द्धकले जसरी आयोजना सञ्चालन गर्छन्, सोहीअनुसार नै उक्त बोर्डले काम गर्ने प्रस्ताव गरिएको छ। जलस्रोत तथा सिँचाइ विभाग सरकारी निकाय हो। प्राधिकरण भने पूर्ण सरकारी स्वामित्वको व्यावसायिक संस्था हो। यी दुवै निकायको तालुक मन्त्रालय एउटै अर्थात् ऊर्जा, जलस्रोत तथा सिँचाइ हो। यी दुई संस्थाबीच व्यावसायिक सम्झौता गर्ने अधिकार छैन। त्यसैले सिँचाइ आयोजनाअन्तर्गतको पावर प्लान्ट सञ्चालन गर्ने छुट्टै बोर्ड बनाउन लागिएको हो। साथै, कम्पनी मोडलमा पनि त्यस्ता पावर प्लान्ट बनाउने प्रस्ताव पनि गरिएको छ। यसका अलावा प्राधिकरणलाई विभिन्न सर्तमा निःशुल्क विद्युत् उपलब्ध गराउने मोडल पनि प्रस्ताव गरिएको छ। यसबापत प्राधिकरणले सिँचाइ आयोजनालाई आवश्यक मात्रामा निःशुल्क बिजुली दिने र बाँकी बिजुलीको मूल्यबराबरको सरकारलाई राजस्व तिर्ने प्रस्ताव गरिएको छ। सरकारले प्राप्त राजस्वबाट सिँचाइ विद्युत्को महसुलदरमा अनुदान दिने र सिँचाइ आयोजनाको मर्मत-सम्भारमा बजेट छुट्याउने प्रस्ताव गरिएको छ।




सिँचाइसचिव **सुशीलचन्द्र तिवारी** भन्छन्-

सिँचाइ आयोजनाको बाइप्रडक्टका रूपमा हुने पावर प्लान्टलाई सञ्चालन गर्न बोर्ड बनाउने प्रस्तावबारे छलफल भइरहेको छ। यद्यपि, सबै आयोजनाका लागि एउटै वा फरक-फरक बोर्ड बनाउने भन्ने विषयमा टुंगो लागेको छैन। अहिले यो छलफलकै चरणमा छ। अन्य मोडलबारे पनि छलफल गरेका छौं, यसबारे छिट्टै उचित निर्णय गर्नेछौं।

सिँचाइ सचिव तिवारीले पनि मुख्यतः यही दुई मोडलबारे नै छलफल भएको बताए। 'अहिले मुख्यतः यही दुई मोडलबारे नै छलफल भएको छ। छलफलमार्फत नै कुनै एक मोडल छनोट गर्नेछौं। त्यसपछि सोहीअनुसार नै सिँचाइ आयोजनाअन्तर्गतका पावर प्लान्ट सञ्चालन गर्नेछौं,' उनले भने, 'यसबारे नै छिट्टै निर्णय हुनेछ।' यद्यपि, मन्त्रालयका एक उच्च अधिकारीले बोर्ड बनाउने प्रस्तावलाई उच्च प्राथमिकतामा राखेको बताए। 'सिँचाइ नीतिले नै बोर्डको परिकल्पना गरेको छ। छलफलमा पनि बोर्ड बनाउने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिएको छ,' स्रोतले भने, 'तसर्थ, बोर्डकै मोडल नै स्वीकृत हुने सम्भावना छ।'

नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनामा जस्तो हिउँदमा कम र बर्खामा पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने प्रवृत्ति यस्ता आयोजनामा हुँदैन। सिँचाइ आयोजनामा रहेका प्लान्टबाट १२ महिना नै पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिन्छ। हिउँद र बर्खाको विद्युत् उत्पादनमा हुने अन्तरलाई कम गर्न यस्ता आयोजनाको महत्त्वपूर्ण योगदान हुने देखिन्छ। तसर्थ, यस्ता आयोजनालाई व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने सिँचाइ विभागका अधिकारीहरू बताउँछन्।



रानी जमरा कुलरिया सिँचाइ आयोजनामा बनेको सिँचाइ नहर

■ रानी जमरा आयोजनाको प्रगति ७० प्रतिशत

आर्थिक वर्ष ०६६/६७ सालदेखि निर्माण सुरु भएको रानी जमरा कुलरिया सिँचाइ आयोजनाको हालसम्म भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशत पुगेको छ। आयोजनाको निर्माण चालू आव ०८०/८१ मा सम्पन्न गर्ने म्याद छ, तर चालू आवमा बाँकी काम नसकिने बताइएको छ।

आयोजनाले कैलालीको पूर्वी क्षेत्रको ३८ हजार तीन सय हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ। निर्माण जारी रहेको दोस्रो चरणको काम पूरा भए करिब २० हजार तीन सय हेक्टरमा सिँचाइ सुविधा विस्तार हुनेछ। अहिले १४ हजार हेक्टरमा सिँचाइ सुविधा भइसकेको आयोजना कार्यालयले जनाएको छ। २० हजार तीन सय हेक्टरमा सिँचाइ पुऱ्याउन आवश्यक संरचना निर्माणको काम आर्थिक वर्ष ०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। आयोजनाको तेस्रो चरण पूरा भए थप १८ हजार हेक्टरमा सिँचाइ विस्तार हुनेछ। तेस्रो चरणको भने ठेक्का प्रक्रिया सुरु भएको छैन।

■ रानी जमरा कुलरियामा विद्युत् उत्पादन सुरु, प्राधिकरणलाई दिन आनाकानी

पैसा नपाउने भएपछि निर्माणाधीन राष्ट्रिय गौरवको रानी जमरा-कुलरिया सिँचाइ आयोजनाले प्राधिकरणलाई विद्युत् उपलब्ध गराउन आनाकानी गरेको छ। गत पुस पहिलो साता ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उक्त आयोजनामा रहेको ४.७१ मेगावाटको पावर प्लान्टको उद्घाटन गरिसकेका छन्। अहिले आयोजनाले विद्युत् उत्पादन गरेर आन्तरिक रूपमा खपत गर्दै आएको छ। तर, प्राधिकरणलाई बिजुली दिन सुरु गरेको छैन।

उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नुअघि अहिले 'इलेक्ट्रिक र मेकानिकल' प्रणालीको परीक्षण कार्य भइरहेको छ।

रानी जमरा सिँचाइ आयोजनाको बाँधस्थल चिसापानीस्थित कर्णाली नदीदेखि नहरमार्फत लगिएको पानीबाट जानकी गाउँपालिकाको कटासेमा निर्मित आयोजनाबाट विद्युत् उत्पादन सुरु गरिएको हो। आयोजना कार्यालयका सूचना अधिकारी एवं सिनियर डिभिजनल इन्जिनियर नवीन पौड्यालले प्राविधिक परीक्षण कार्य सकिएपछि उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोडिने बताए।

'विद्युत् उत्पादन सुरु भइसक्यो। उत्पादित विद्युत्बाट हाइड्रोपावरको कार्यालयमा बत्ती बाल्न थालिएको छ,' उनले भने, 'परीक्षणका क्रममा रहेकाले प्रसारण लाइनमा जोड्न नमिलेको हो, विद्युत् उत्पादन गर्ने इलेक्ट्रिक र मेकानिकल सिस्टम परीक्षण सकिएपछि उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्छौं।'

परीक्षणको काम सकिएपछि रानी जमराबाट उत्पादित विद्युत् लम्कीस्थित विद्युत् प्राधिकरणको सबस्टेसनमा जोडिनेछ। 'पैसा नआउने भएर प्राधिकरणलाई बिजुली उपलब्ध नगराएको होइन। प्राधिकरणको ग्रिडमा बिजुली जोड्न केही सामग्री थप्दै छौं। केही दिनमै त्यो काम सकिन्छ,' उनले भने, 'त्यसपछि विद्युत् उत्पादन सुरु हुन्छ। त्यसपछि प्राधिकरणलाई बिजुली उपलब्ध गराउँछौं।'

हिउँदका कारण अहिले प्राधिकरणले भारतबाट बिजुली आयात गरिरहेको छ। त्यो विद्युत् उपलब्ध भएमा आन्तरिक माग धान्न सहज हुने र आयात गर्दा बिदेसिने मुद्रा पनि कम हुने प्राधिकरणको विश्वास छ। ४.७१ मेगावाट विद्युत्ले दुई जिल्लाको घरायसी माग (लोड) धान्न सक्छ। 'अहिले हिउँदमा यो बिजुलीको छुट्टै महत्व छ। तर, आयोजनाले उक्त बिजुली उपलब्ध गराएको छैन,' प्राधिकरणका उच्च अधिकारीले बताए।

सरकारले नै बनाएको हुनाले उक्त बिजुली प्रयोग गर्न पाउनुपर्ने प्राधिकरणको दाबी छ। आयोजनालाई पैसा नबुझाए पनि प्राधिकरणले सरकारले त्यसबापतको राजस्व भने बुझाउनुपर्नेछ। तैपनि, आयोजनाले बिजुली उपलब्ध नगराएको प्राधिकरणका अधिकारीहरू बताउँछन्। यद्यपि, आयोजनाले प्राधिकरणलाई निःशुल्क बिजुली दिन नहुने भन्दै उचित निकास निकाल्न विभागमा आग्रह गरेको छ। 'कम्पनी मोडलमा हुन्छ वा बोर्ड नै बनाए हुन्छ। व्यावसायिक ढंगले नै आयोजना सञ्चालनका लागि नीतिगत निर्णय गर्न विभागलाई आग्रह गरेका छौं,' आयोजनाका एक उच्च अधिकारीले भने, 'सिँचाइ नीतिमा बोर्ड बनाए नै सिँचाइ आयोजनाको पावर प्लान्ट सञ्चालन गर्ने परिकल्पना छ, सोहीअनुसार बोर्ड बनाउन प्रस्ताव गरेका छौं।'

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit एतिबार रेमिट

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र २०८०/०५/०८ मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाजुरामा प्रा.फ.र.नं. ४२४३/०७८/७२ अन्तर्गत मिति २०७८/०५/१६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको बाजुरा जिल्ला, त्रिवेणी न.पा. वडा नं. ९ स्थित **खिन्ने सत्य देवि खुद्रा पसल** **प्रोप्राईटर तथा जमानीकर्ता : अशोक बहादुर साउद**	१) लालविर साउदको नाति, दिल मनि साउदको छोरा, बाजुरा जिल्ला, कैलासमाण्डौं गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाजुरा जिल्ला, त्रिवेणी न.पा. वडा नं. ९ बस्ने अशोक बहादुर साउदको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, गदरिया गा.वि.स. वडा नं. ९ स्थित किता नं. १०४ को क्षेत्रफल २६०० (व.मि.) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) खिन्ने सत्य देवि खुद्रा पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताको विवरण

१) अशोक बहादुर साउद	२) मन्धरा देवी साउद (अध्डी)
स्थायी ठेगाना : बाजुरा जिल्ला, कैलासमाण्डौं गा.प. वडा नं. ८ हालको ठेगाना : बाजुरा जिल्ला, त्रिवेणी न.पा. वडा नं. ९ बाबु : दिल मनि साउद बाजे : लालविर साउद	स्थायी ठेगाना : बाजुरा जिल्ला, कैलासमाण्डौं गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाजुरा जिल्ला, त्रिवेणी न.पा. वडा नं. ९ बाबु : धन बहादुर अध्डी ससुरा : दिल मनि साउद पति : अशोक बहादुर साउद

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको ओलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

टिआइएमा नयाँ टर्मिनल भवन सञ्चालन

डिपार्चरमा पाँच सय र अराइभलमा चार सय यात्रुलाई सेवा प्रवाह गर्न सकिने

नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)मा आन्तरिक यात्रुहरूको आगमन र प्रस्थानका लागि छुट्टाछुट्टै टर्मिनल भवन निर्माण भएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याान)ले बुधबारदेखि प्रतिघन्टा चार सय यात्रु ह्यान्डल गर्न सकिने क्षमताको अराइभल टर्मिनल सञ्चालनमा ल्याएको हो।

अहिलेसम्म टिआइएको आन्तरिक सेवातर्फ डिपार्चर टर्मिनल मात्र थियो। छुट्टै अराइभल टर्मिनल भवन बनेपछि यात्रुहरूलाई सहज सेवा दिन सकिने टिआइएका महाप्रबन्धक प्रताप तिवारीले बताए। अराइभल टर्मिनल नहुँदा पुरानो भवनको छेउमा एउटा कन्भेयर बेल्ट मात्र राखेर आन्तरिक यात्रुलाई सेवा दिइएको थियो।

डिपार्चर टर्मिनलको क्षमता पाँच सय यात्रुको भए पनि अराइभल कक्षमा रहेको कन्भेयर बेल्टमार्फत एकपटकमा सयजनाभन्दा बढीलाई सेवा दिन नसक्ने स्थिति थियो। 'सामन्यतया डिपार्चरमा जति क्षमता हुन्छ, करिब त्यति नै क्षमता अराइभल कक्षमा पनि हुनुपर्छ' क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले भने, 'अब डिपार्चर अराइभल दुवै स्मुथ सञ्चालन हुनेछ, हाम्रो टार्गेट यही हो।'

अराइभल टर्मिनल भवन ०७९ जेठमा निर्माण सुरु गरिएको थियो। ६ करोड ४० लाख रुपैयाँमा नयाँ टर्मिनल भवन तयार भएको टिआइएका महाप्रबन्धक तिवारीले बताए। नयाँ अराइभल कक्षमा दुईवटा कन्भेयर बेल्ट हुनेछन्। 'अब अराइभल र डिपार्चरका छुट्टाछुट्टै भवन भएका छन्,' उनले भने, 'अराइभल टर्मिनलमा एउटा कन्भेयर बेल्ट राखिसकेको छ, अहिले भइरहेको अराइभल बेल्टलाई पनि नयाँ टर्मिनलमै सार्छौं। दुईवटा कन्भेयर बेल्ट भएपछि यात्रुलाई स्मुथ सेवा प्रवाह गर्न सकिनेछ।'



■ देशैभर क्षमता विस्तार

ट्रिवनअटर विमान उडानलाई मध्यनजर गरी बनाइएका अरू विमानस्थलका टर्मिनल भवन पनि धमाधम विस्तार गरिँदै छ। 'अरू आन्तरिक एयरपोर्टमा पनि नयाँ सुविधासम्पन्न टर्मिनल भवन बनाउँदै जाने योजना छ,' भुलले भने, 'अहिले नेपालगन्ज, विराटनगर र भरतपुरमा काम सुरु भइसकेको छ, अरू विमानस्थलमा क्रमशः काम सुरु हुनेछ।'

सुर्खेतमा पनि ठूलो क्षमताको टर्मिनल आवश्यक रहेको भुलले बताए। 'पहिला ट्रिवनअटर जहाज र हेलिकोप्टर मात्र उड्ने हुँदा टर्मिनल पनि सानो बनाइएको थियो, अन्य सेवा-सुविधा पनि छैन,' उनले भने, 'अब ८० सिटका जहाज उड्न थाले, यात्रु बढ्दै गइरहेका छन्, छिट्टै त्यहाँ पनि नयाँ टर्मिनल भवन निर्माण सुरु गरेर क्षमता विस्तारमा लाग्नेछौं।'

आवश्यकताअनुसार अरू सुविधा थप्दै जाने उनले बताए। पार्किङ क्षेत्रबरिपरि एक्सेस रोड पनि बनाइएको छ।

अहिले सञ्चालनमा रहेको अराइभल कक्षलाई रिनोभेसन गरेर भिआइपी कक्ष बनाउन लागिएको महाप्रबन्धक तिवारीले बताए। उनले भने, 'अहिले डिजाइनकै चरणमा छ, यो आर्थिक वर्षमा नै सम्पन्न गर्ने लक्ष्य हो।'

नयाँ स्टक एक्सचेन्ज अध्ययन गर्न समिति गठन

नयाँ पत्रिका

नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिने वा नदिने विषयमा निर्णय गर्न अध्ययन समिति गठन गरिएको छ। मंगलबार बसेको मन्त्रिपरिषद्ले नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि सिवाकोटीको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको हो। समिति सदस्यहरूमा अधिवक्ता सिजन गुरागाईं र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार आचार्य रहेका छन्।

समितिले पुँजीबजारको विकासको अवस्था तथा अन्तर्राष्ट्रिय अभ्याससमेतको अध्ययन गरी नेपालमा दोस्रो स्टक एक्सचेन्ज आवश्यकताको विषयमा ४५ दिनभित्र प्रतिवेदन बुझाउनेछ। समितिका संयोजक चिन्तामणि सिवाकोटीले तोकिएकै समयसीमाभित्र प्रतिवेदन बुझाउने गरी काम गर्ने बताए।

२१ भदौ ०७९ मा बसेको तत्कालीन मन्त्रिपरिषद्को बैठकले नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिन बाटो खुला गरिदिएको थियो। लाइसेन्स पाएसँगै धितोपत्र बोर्डले स्टक एक्सचेञ्जका लागि ४५ दिन अवधि राखेर २ असोज ०७९ मा आवेदन आह्वान गरेको थियो। आवेदन दिने म्याद नसकिँदै त्यसलाई स्थगित गर्न भन्दै सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेश आएकाले ४ कात्तिक ०७९ मा बोर्डले स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जको आवेदन स्थगित गरेको थियो। उक्त रिट सर्वोच्चले खारेज गरिदिएपछि बोर्डले पुनः आवेदन दिन बाँकी रहेको १० दिन म्याद राखेर ३० चैत ०७९ मा आवेदन आह्वान गरेको थियो। त्यसपछि नयाँ स्टक एक्सचेञ्जका लागि हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज अफ नेपाल र अन्नपूर्ण स्टक एक्सचेन्ज लिमिटेडले आवेदन दिएका थिए। बोर्डले स्टक एक्सचेन्जको लाइसेन्सका लागि मूल्यांकन समिति गठन गरेर प्रक्रिया अगाडि बढाएपछि मन्त्रिपरिषद्को २६ वैशाख ०८० को बैठकले स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया रोक्ने निर्देशन दिएको थियो।

यसैबीच संसद्को अर्थ समितिले पनि २९ जेठ ०८० मा स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया समितिबाट विस्तृत अध्ययन पूरा नहुँदासम्म रोक्न अर्थ मन्त्रालयल र धितोपत्र बोर्डलाई निर्देशन दियो। त्यसको पाँच महिनापछि २४ कात्तिकमा समितिले लाइसेन्स प्रक्रिया अघि बढाउन बाटो खोलिदिएको थियो। धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष रमेशकुमार हमालले अर्थ समितिबाट बाटो खुला भएपछि आवेदन दिएका कम्पनीमध्ये कुनै एकलाई लाइसेन्स दिलाउनका लागि मूल्यांकन समिति गठन गरी अघि बढाउन खोजेका थिए। तर, मन्त्रिपरिषद्बाट तत्कालीन समयमा रोकिएको हुँदा हमाल पछि हट्न बाध्य भए। अर्कोतर्फ, नयाँ स्टक एक्सचेन्जको लाइसेन्समा नीतिगत भ्रष्टाचार भएको भन्दै सांसददेखि अन्य सरोकारवाला निकायहरूले समेत आलोचना गरे। चर्को आलोचना भएपछि अन्योलमा रहेको नयाँ स्टक एक्सचेन्चलाई अध्ययन गरेर मात्र अघि बढाउने सरकारले निर्णय गरेको हो।

नयाँ चाहिन्न : झाँक्री

सरकारले नेपालमा स्टक एक्सचेन्जको आवश्यकता भए नभएको विषयमा २९ साउन ०७६ मा पनि तत्कालीन सासंद रामकुमारी झाँक्रीको संयोजकत्वमा गठीत पुँजीबजार र मुद्रा बजारसम्बन्धी अध्ययन उपसमिति बनेको थियो। उक्त उपसमितिले ०७५ मा बुझाएको प्रतिवेदनले नयाँ स्टक एक्सचेन्जको विकल्पभन्दा पनि भएको स्टक एक्सचेन्जको पुनर्संरचना गर्नुपर्ने सुझाव दिएको थियो। नेप्सेको चुक्तापुँजी बढाउने, विदेशी रणनीति भित्र्याउने र सरकारको स्वामित्व रहेको सेयरलाई अन्य निजीक्षेत्रलाई दिएर लैजानुपर्ने प्रतिवेदनमा उल्लेख छ। तत्कालीन समिति संयोजक झाँक्री पनि नयाँ स्टक आवश्यक नभएको बताउँछन्। अहिले नयाँ स्टक एक्सचेन्सलाई लाइसेन्स दिनुमा केही स्वार्थ समूह लागेकोसमेत उनको आरोप छ। उनले भनिन्, 'एक हप्ताअघि त्यही अर्थ समितिका सांसदहरूले लाइसेन्स कुनै हालतमा दिनुहुन्न भन्ने अनि अहिले फेरि लाइसेन्स दिन सहमति जनाउने कसरी सम्भव छ, यसमा कुनै स्वार्थ छैन भनेर कसरी पत्याउने ?'

'उत्पादनमा लगानी गरे आर्थिक विकासमा थप योगदान'

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक विकासमा थप योगदान गर्नुपर्ने बताएका छन् । मन्त्री डा. महतले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९औँ वार्षिकोत्सवमा आयोजित कार्यक्रममा गत वर्षभन्दा यो वर्ष अर्थतन्त्र राम्रो भइसकेको बताउँदै सीमित साधन-स्रोतबाट बढीभन्दा बढी प्रतिफल प्राप्त गर्ने दिशामा लाग्नुपर्ने हुनाले उत्पादनमूलक क्षेत्रमा लगानी हुनुपर्ने बताएका हुन् ।

सरकारले बैंकको सुधारका लागि उदार भएर कार्य गर्ने गरेको दाबी गर्दै मन्त्री महतले यसमा राष्ट्रिय वाणिज्य बैंक पनि राम्रो अवस्थामा रहेको उनको भनाइ थियो । कार्यक्रममा उनले बैंकको थापाथली शाखाको नवनिर्मित भवनको उद्घाटन पनि गरे । त्यस्तै, बैंकले प्रकाशन गरेको विशेषांक स्मारिका उपहार-२०८० पनि विमोचन गरेको जनाएको छ । कार्यक्रममा पूर्वकर्मचारी सम्मान कार्यक्रम, उत्कृष्ट शाखा कार्यालय, उत्कृष्ट बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्र सुधार हुँदै गएको बताउँदै अर्थतन्त्रमा राष्ट्रिय वाणिज्य बैंकको महत्त्वपूर्ण योगदान हुने गरेको बताए । राष्ट्र बैंकले लिने नीति समग्र अर्थतन्त्रको विकासका लागि हुने र राष्ट्र बैंकले ल्याउने नीति अग्रणी रूपमा राष्ट्रिय वाणिज्य बैंकले कार्यान्वयन गर्ने गरेको उनको भनाइ थियो ।



बैंकका अध्यक्ष दिलीपकुमार ढुंगानाले बैंकिङ क्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धात्मक वातावरण तथा तीव्र रूपमा ग्राहकका आकांक्षा परिवर्तन भइरहेको सन्दर्भमा ठूला उद्यमी तथा साना व्यवसायीदेखि सबै प्रकारका ग्राहकका आकांक्षालाई सम्बोधन गर्ने कोसिस भइरहेको बताए । बैंकिङ सेवा-सुविधामा गुणस्तरीयता अभिवृद्धि गर्दै अझ बढी विश्वसनीय, सुरक्षित, प्रविधियुक्त तथा ग्राहकमैत्री बनाउन प्राथमिकताका साथ कार्य गरिरहेको उनको भनाइ थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले आफ्ना सम्पूर्ण स्रोतको उच्चतम उपयोग गरी समग्र उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कदम चालेको बताए । बैंकका ग्राहकहरूलाई पनि गुणस्तरीय सेवा प्रदान गर्न बजारको मागअनुसारको सम्पूर्ण सेवा तथा सुविधा उपलब्ध गराउँदै आएको उनको भनाइ थियो ।

बैंकले प्रविधिको स्तरोन्नतिका लागि आइटी इन्ह्यान्समेन्ट रोडम्यापलाई अगाडि बढाएको उनले बताए । यो परियोजना हाल बैंकमा प्रयोगमा रहेको कोर बैंकिङ सफ्टवेयरलाई प्रतिस्थापन गरी अत्याधुनिक कोर बैंकिङ सिस्टम खरिद गरी कार्यान्वयनमा ल्याउने प्रक्रियामा रहेको उनले जानकारी दिए । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सरकारी पाराको आरोपलाई हदैसम्म हटाई बैंकलाई हरेक पक्षबाट सुदृढ, सबल र ग्राहकमैत्री बनाउने योजना रहेको बताए ।

लुम्बिनी बिजनेस समिटमा रिलायन्स फाइनान्सको साझेदारी

काठमाडौं/ लुम्बिनी बिजनेस समिट २०८० को फाइनान्स साझेदारका रूपमा रिलायन्स फाइनान्सले साझेदारी गर्ने भएको छ । व्यावसायिक कृषि, वनपैदावर, जडीबुटी, पर्यटन, साना, मझौला, स्टार्टअप र नवप्रवर्तनलगायतका व्यवसायको विकास गर्दै प्रदेशस्तरमा लगानीको अवसर र यसको प्रवर्द्धनका लागि पहिलोपटक प्रदेशस्तरमा आयोजना गर्न लागिएको समिटमा रिलायन्स फाइनान्सले साझेदारी गर्ने भएको हो ।

साझेदारीसम्बन्धी समझदारीपत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र आयोजक संस्थाहरूको तर्फबाट नेपाल बिजनेस इन्स्टिच्युटका कार्यकारी अध्यक्ष विशाल गैरेले हस्ताक्षर गरेको जनाइएको छ । हस्ताक्षरपछि फाइनान्सका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले वित्तीय साक्षरतासहितको आर्थिक विकास नै समृद्धिको मूल आधार भएकाले उद्यमशीलता र व्यावसायिक प्रवर्द्धनका लागि बिजनेस समिटमा वित्तीय संस्थाहरूको साझेदारी अनिवार्य भएको बताए ।

सम्मेलनमा प्रदेशभित्रका उद्यमी, वैदेशिक रोजगारीबाट फर्केका युवा, स्थानीय सरकार र प्रदेश सरकारका प्रमुखहरू, बैंक तथा वित्तीय संस्थाका साथै निजी संघसंस्थाका गरी ४०० को सहभागिता रहने जनाइएको छ ।

पुवाखोलाको सेयर लक्ष्मी सनूराइज क्यापिटलले निष्कासन गर्ने

काठमाडौं/ पुवाखोला-वान हाइड्रोपावर लिमिटेडले साधारण सेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि लक्ष्मी सनूराइज क्यापिटल लिमिटेडलाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ ।

कम्पनीले प्रतिसेयर एक सय रुपैयाँ अंकित दरको १९ लाख ४६ हजार ६ सय ६० कित्ता सेयर निष्कासन गर्न लागेको हो । धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौतामा हाइड्रोपावरका प्रबन्ध निर्देशक कदम केसी तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेको जनाइएको छ ।

पुवाखोला-वान हाइड्रोपावरले इलाममा चार मेगावाट क्षमताको जलविद्युत् आयोजना सञ्चालन गरिरहेको जनाइएको छ ।

पौडेलको नयाँ गीत सार्वजनिक



काठमाडौं/ विज्ञापन व्यवसायी, गायक तथा गीतकार निर्मलराज पौडेलले नयाँ गीत सार्वजनिक गरेका छन् । उनले 'छम्म नाचौँ, छप्प नाचौँ' बोलको गीत सार्वजनिक गरेका हुन् ।

निर्मल पौडेलकै शब्द तथा मोहित मुनालको संगीत रहेको गीतको भिडियोमा गायक निर्मलसँगै सरोज खनाल, विजय लामा, रमेश उप्रेती, किरण केसी, राजाराम पौडैल, निर्मल शर्मा, धिरेन शाक्य, रवीन्द्र खड्का, गजित विष्ट, गम्भीर विष्ट, सुनिल कटवाल, खुस्बु खड्का, गोपाल ढकाल छन्दे, रोहित कार्कीलगायतका कलाकारको अभिनय रहेको जनाइएको छ ।

'कहीँ कतै पार्टीतिर नाच्न मन लाग्यो भने हिन्दी गीत, डिस्को गीत बज्छन् । हामीले नाँच्ने खालका मौलिक गीत नै छैनन्,' पौडेलले भने, 'विज्ञापनका लागि जिंगल लेखिरहने बानी भएकाले गीत लेख्न त मलाई गाह्रो भएन ।'

माछापुच्छ्रे बैंक लिमिटेडको भुल सुधार गरिएको बारे सूचना

मिति २०८०/१०/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा यस माछापुच्छ्रे बैंक लिमिटेडका ऋणी शंकर भट्टराईको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा उक्त सूचनामा कर्जा शिर्षक प्रोफेसनल लोन उल्लेख हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

पालुङ बचत तथा ऋण सहकारी संस्था लि.का ऋणीहरूलाई ७ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/११

यस सहकारी संस्थाका संचालक तथा पदाधिकारी उपर सहकारी ठगि मुद्दा दायर भई हाल सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको हुँदा मिति २०८०/९/२६ गतेको मिलापत्रमा जाने आदेश भएको हुँदा यस सहकारी संस्था लि.बाट कर्जा लगानी भएको हुँदा उक्त कर्जा उठाई जाहेरवालाहरुको रकम फिर्ता गर्नुपर्ने भएको हुँदा मिति २०६२/१०/९ गते देखि २०६९/८/२५ सम्म कर्जा लिई कर्जा रकम भुक्तानी गर्न बाँकी रहनुभएका सदस्यहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अविलम्ब तपशिलका व्यक्तीहरु संग सम्पर्क गरी आफुले कर्जा रकम राफसाफ गर्नहुन अनुरोध गर्दछौं । अन्यथा कर्जा असुल उपर गर्नका लागि अन्य कानूनी प्रक्रियाहरुसमेत अविलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदछौं ।

सम्पर्क व्यक्तीहरु : का. अध्यक्ष : सुरेन्द्र बस्नेत ९८६२०९७६७०
सदस्य : मनोहर बस्नेत : ९८४५८००४१८
सदस्य : मिनबहादुर बस्नेत : ९८६९६९३९७०

वी.पी.स्मृति सामुदायिक सहकारी अस्पताल लि.

यस संस्थामा कारोवार गर्दा बाँकी हुन गएको रकम मागदाबी आवेदन पेश गर्ने वारेको सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/११

यस बी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल र बी.पी. हेल्थ इष्टिच्युट एण्ड रिसर्च सेन्टरमा विगत आर्थिक वर्ष देखि आर्थिक वर्ष २०७९/०८० असार मसान्त सम्ममा भुक्तनी हुन बाँकी बक्यौता भए यस संस्था संग सरोकार वाला विभिन्न सप्लायर्स, निर्माण कम्पनी तथा व्यक्तीहरुबाट सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्रमा आफुसंग भएको भुक्तानी दाबि गर्ने यथेस्ठ प्रमाणहरुका साथ अस्पताल निर्देशक समक्ष निवेदन पेश गर्नहुन अनुरोध गरिन्छ । समयमा प्राप्त नभएका निवेदन प्रति कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

सम्पर्क अस्पताल निर्देशक
मोवाइल नम्बर ९८५१३५२२१०

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कितु राणा छेत्रीको नाति, लील बहादुर राणा छेत्रीको छोरा कर्णाली प्रदेश सुर्खेत जिल्ला सिम्ता गाउँपलिका वडा नं. ८ बस्ने राम बहादुर राणा छेत्रीले यस शाखामा बचत खाता नं. १९५१५२४१४११२१६ संचालन गर्दै आउनु भएकोमा मिति २०७९-०६-३१ मा निज खातावाला राम बहादुर राणा छेत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने प्रमीला देवी राणा छेत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक राम बहादुर राणा छेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपालगन्ज शाखा, बाँके, फोन नम्बर : ०८१-४१५१२५

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड
MATHILLO MAILUN KHOLA JALAVIDHYUT LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email:mailung@sanimahydro.com , Website : www.sanimamailung.com

दशौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)

(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको मिति २०८० साल पौष २९ गते (तदनुसार १४ जनवरी, २०२४) आइतबारका दिन कुण्डलिनि दरवार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न दशौं वार्षिक साधारण सभाबाट पारित देहाय बमोजिमका निर्णयहरू सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरुको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या २८३ भएको र कुल बाँडफाँड भएको शेयरको ५९.४५ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्हिोरा सभामा जानकारी गराइयो ।

साधारण सभाका अध्यक्ष श्री रामेश्वर रिजालज्यूद्वारा कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट महा-प्रबन्धक श्री काँगडा प्रसाईज्यूले यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनाको निर्माण सम्बन्धमा भए गरिएका कार्यहरू, कम्पनीको आर्थिक तथा वित्तीय अवस्था, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनासँग सम्बन्धित विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरणको माध्यमद्वारा जानकारी गराउनु भयो ।

साधारण सभाबाट भएका निर्णयहरू :

निर्णयार्थ दशौं वार्षिक साधारण सभा समक्ष पेश भएका साधारण तथा विशेष प्रस्तावहरू सभाबाट निम्न बमोजिम पारित गरियो :

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री रामेश्वर रिजालज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ. व. २०८०/८१ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था N.B.S.M. & Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,००,०००/- (अक्षरेपी एक लाख रूपैया मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. यस कम्पनीको आठौं वार्षिक साधारण सभाबाट नियुक्त दुई जना सञ्चालकहरूले दिनु भएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिबाट तपसिल बमोजिम नियुक्ति भएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

तपसिल

(क) सानिमा हाइड्रोपावर लिमिटेडका आधिकारीक प्रतिनिधि श्री विनय कुमार श्रेष्ठज्यूको राजिनामा मिति २०७९/०९/१२ गतेको बैठकबाट स्वीकृत भई सोही कम्पनीका अर्को प्रतिनिधि ल.पु.म.न.पा., ३, ललितपुर बस्ने श्री अजय कार्की (ना.प्र.नं. २०५८, ललितपुर) लाई सोही मितिको सञ्चालक समितिको बैठकबाट नियुक्ति गरीएको ।

(ख) सानिमा माई हाइड्रोपावर लिमिटेडका आधिकारीक प्रतिनिधि डा. सुवर्ण दास श्रेष्ठज्यूको राजिनामा मिति २०७९/१०/२२ गतेको बैठकबाट स्वीकृत भई सोही कम्पनीका अर्को प्रतिनिधि खैरहनी ७, चितवन हाल का.म.न.पा. वडा नं. २, काठमाण्डौ बस्ने श्री घनश्याम थापा (ना.प्र.नं. २९५६/०३५, चितवन) लाई सोही मितिको सञ्चालक समितिको बैठकबाट नियुक्ति गरीएको ।

५. कम्पनी ऐन, २०६३ को दफा ८६ (३) तथा कम्पनीको नियमावलीको दफा ३१ बमोजिम १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्नु पर्ने व्यवस्था अन्तर्गत कम्पनीको सञ्चालक समितिको मिति २०८०/०९/०६ गतेको बैठकबाट सिफारिस भई आएको तपसिलमा उल्लेखित नामावलीमध्ये सम्बन्धित क्षेत्रमा प्राप्त गरेको योग्यता र कार्य अनुभवको मूल्याङ्कनका आधारमा श्री रमेश कुमार मास्केज्यूलाई आगामी ४ (चार) वर्षको कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

क्र.सं.	नाम, थर र ठेगाना	शैक्षिक योग्यता	सम्बन्धित विषयमा कार्य अनुभव
१.	**श्री रमेश कुमार मास्के** का.म.न.पा. वडा नं. ४, काठमाण्डौ	हाइड्रोपावर इन्जिनियरिङ्मा विद्यावारिधि	सम्बन्धित विषयमा विगत ३० वर्ष भन्दा बढीको कार्य अनुभव ।
२.	**श्री अमिता डंगोल** का.म.न.पा. वडा नं. २१ काठमाण्डौ	वि.कम/ चार्टड एकाउन्टेन्ट	सम्बन्धित विषयमा विगत १० वर्षको कार्य अनुभव ।
३.	**श्री प्रद्युम्न नेपाल** विराटनगर म.न.पा. वडा नं. १, काठमाण्डौ	व्यवस्थापन विषयमा स्नातक	सम्बन्धित विषयमा विगत १५ वर्षको कार्य अनुभव ।

६. यस कम्पनीको नियमावलीको व्यवस्था बमोजिम शेयरधनीहरूको समूह "ख" र "ग" बाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल अनुसार २ जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेले सभामा घोषणा गर्नुभयो ।

तपसिल

क्र.सं.	निर्वाचित सञ्चालकहरुको नाम र ना.प्र.नं.	स्थायी ठेगाना
१.	**श्री रामेश्वर लामिछाने** (१०६६३, काठमाण्डौ)	का.म.न.पा. वडा नं. ३१, काठमाडौ
२.	**श्री विशाल भट्टराई** (२१८०/५५९२/१६३६, भोजपुर)	मुलपानी -६, भोजपुर

७. यस कम्पनीको सञ्चालक समिति तथा अन्य उपसमितिको बैठकमा उपस्थित सञ्चालक सदस्यहरूलाई उपलब्ध गराउँदै आएको बैठक भत्तामा समय सापेक्ष वृद्धि गर्नु पर्ने देखिएकोले हाल कायम बैठक भत्तामा वृद्धि गरी प्रति सञ्चालक प्रति बैठक कर सहित रू. १०,०००/- (अक्षरेपी दश हजार रूपैया मात्र) र सञ्चालक/अध्यक्षका हकमा प्रति बैठक रू. १२,०००/- (अक्षरेपी बाह्र हजार रूपैया मात्र) गर्ने साथै सञ्चालक समितिद्वारा गठित उपसमितिका सदस्य सञ्चालकहरूलाई प्रति उपसमिति बैठक प्रति सञ्चालक रू. १०,०००/- (अक्षरेपी दश हजार रूपैया मात्र) भत्ता निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ख) विशेष प्रस्तावहरु :

१. यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना (१४. ३ मे.वा.) को कूल आयोजना निर्माण लागतमा साविकको रू. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड रूपैया मात्र) बाट वृद्धि भई हाल रू. ३,०७,००,००,०००/- (अक्षरेपी तीन अर्ब सात करोड रूपैया मात्र) कायम हुन आएको हुँदा लागतमा भएको वृद्धि रू. ५७,००,००,०००/-(अक्षरेपी सन्ताउन्न करोड रूपैया मात्र) थप पूँजीको व्यवस्थापनका लागि यस आयोजनाका सहवित्तीयकरण बैंकहरूबाट कर्जा र स्वपूँजी ७५:२५ को अनुपातमा हुने गरी थप रू. ४२,७५,००,०००/- (अक्षरेपी बयालिस करोड पचहत्तर लाख मात्र) बैंक कर्जा सुविधा लिने निर्णय सभाको सर्वसम्मतिबाट पारित गरियो ।

साथै, उक्त बैंक कर्जा प्राप्त गर्नका लागि यस कम्पनीको तर्फबाट सम्बन्धित बैंक समक्ष नियमानुसार निवेदन गर्न, कर्जा सम्झौता गर्न लगायत अन्य आवश्यक सम्पुर्ण कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाको सर्वसम्मतिले पारित गरियो ।

२. यस कम्पनीले आ.व. २०७९/८० मा विभिन्न व्यक्ति एवं संस्थालाई चन्दा तथा अनुदान बापत जम्मा रकम रू.४,६७,०००/- (अक्षरेपी चार लाख सतसठ्ठी हजार रूपैया मात्र) उपलब्ध गराइएको कार्यलाई अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ग) विविध ।

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website: www.sanimamailung.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, थप व्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : श्री ब्लु मुन क्याफे एण्ड लउन्ज बार** प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर दर्ता नं. १४५९/७२७/२०७५/२०७६, दर्ता मिति : २०७६/०१/०३, पान नं. ६१०५३९११८, दर्ता मिति : २०७६/०१/०४ ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा वडा नं. १०, **प्रोप्राइटर : सरोज कुमार रुम्बा**	
	जमानतकर्ताको विवरण	
	१. नाम : सरोज कुमार रुम्बा ना.प्र.नं. ३१-०१-७२-०५१००, जि.प्र.का. मकवानपुर जारी मिति : २०७२/०७/१९ बाबुको नाम : जित बहादुर रुम्बा बाजेको नाम : सुकुमान रुम्बा ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५	**२. नाम : जित बहादुर रुम्बा** ना.प्र.नं. २८/०७०, जि.प्र.का. मकवानपुर जारी मिति : २०५२/११/०४ बाबुको नाम : सुकुमान रुम्बा बाजेको नाम : अष्टमान रुम्बा ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी वडा नं. ६ हाल : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५
	३. नाम : दिल कुमारी रुम्बा ना.प्र.नं. ३११०२१/४७३९२, जि.प्र.का. मकवानपुर, जारी मिति : २०६४/१०/०६ पतिको : जित बहादुर रुम्बा, ससुराको नाम : सुकुमान रुम्बा ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी वडा नं. ६, हाल : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५	
	धितोको विवरण	
	जित बहादुर रुम्बाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी वडा नं. ६ स्थित कित्ता नं. १९० को क्षेत्रफल १-४-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : हेटौंडा, मकवानपुर, फोन नं. ०५७-५२२३०२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरणः

काजीमान तामाङको नाति, सानु माईला तामाङको छोरा, काभ्रे जिल्ला, पोखरी नारायणस्थान गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं.१०, नयाँ बानेश्वर बस्ने **चन्द्र बहादुर तामाङ** (ना.प्र.नं. ३० ४१२७८/८०४, जारी मिति २०६७/०४/२३, जिल्ला प्रशासन कार्यालय काभ्रे) ।

व्यक्तिगत जमानीकर्ताको विवरणः

१. सानु माईला तामाङको बुहारी, माईला लामाको छोरी, चन्द्र बहादुर तामाङको पत्नी, काभ्रे जिल्ला, पोखरी नारायणस्थान गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं.१०, नयाँ बानेश्वर बस्ने **शान्ती लामा** (ना.प्र.नं. ३००१-०६७-७९००, जारी मिति २०६७/०४/३१, जिल्ला प्रशासन कार्यालय काभ्रे) ।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **चन्द्र बहादुर तामाङ**को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स./न.पा., वडा नं. ९ स्थित कि.नं २६४९ ,२६५२ र २०८३ को क्षेत्रफल क्रमश ०-२-२-३, ०-१३-१-१ र १-०-०-० (रोपनी)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० माघ १७ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा नयाँ बानेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० माघ १८ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७८६१३७

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ११ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ आइसिसी यू-१९ विश्वकप क्रिकेट

नेपाल पाकिस्तानसँग पाँच विकेटले पराजित

नयाँ पत्रिका

आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानसँग पाँच विकेटले पराजित भएको छ। प्रतियोगितामा नेपालले लगातार दुई खेलमा पराजय बेहोरेको हो। यसअघि नेपाल न्युजिल्यान्डसँग ६४ ले हारेको थियो। समूह 'डी'मा नेपाल र अफगानिस्तानले आफ्ना दुवै खेल गुमाएका छन्। पहिलो खेलमा अफगानिस्तानलाई हराएको पाकिस्तानले लगातार दोस्रो जित निकाली सुपर सिक्समा स्थान पक्का गरेको छ। लगातार दोस्रो हार बेहोरे पनि नेपालको सुपर सिक्समा पुग्ने सम्भावना बाँकी छ। नेपालले अब समूहको अन्तिम खेलमा शुक्रबार अफगानिस्तानसँग प्रतिस्पर्धा गर्नेछ। यस समूहमा न्युजिल्यान्ड र पाकिस्तानले दुई खेलबाट समान ४ अंक बटुलेका छन्। रनरेटमा पाकिस्तान शीर्ष स्थानमा छ। नेपाल रनरेटका आधारमा तेस्रो स्थानमा छ।



पाकिस्तानविरुद्ध विकेट लिएपछि नेपाली खेलाडी। तस्बिर : आइसिसी

■ नेपालको मध्यम योगफल

दक्षिण अफ्रिकाको इस्ट लन्डनमा नेपालले पहिलो ब्याटिङ गरेको थियो। पाकिस्तानी सिमर र स्पिनरले कसिलो बलिङ गर्दा नेपालले स्कोर बोर्डमा चुनौतीपूर्ण योगफल खडा गर्न सकेन। नेपालले ५० ओभरमा सबै विकेट गुमाएर १९७ रन मात्र बनाएको थियो। प्रतिओभर ३.९४ रनरेट आवश्यक परेको पाकिस्तानले संघर्ष गर्दै ४७.४ ओभरमा पाँच विकेटको क्षतिमा २०१ रन बनायो। पाकिस्तानले १४ बलअघि नै जित निकालेको हो। पाकिस्तानलाई लगातार दोस्रो खेलमा जित दिलाउने क्रममा अजान अवैसले नटआउट ६३ रनको योगदान दिए। उनले ८२ बलमा ६ चौका प्रहार गरे। उनले हारुन अर्सदसँग छैठौं विकेटका लागि ३३ बलमा ३३ रनको साझेदारी गरे। अजानले दीपक डुम्रेको ०.४ ओभरमा चौका प्रहार गर्दै पाकिस्तानलाई जित दिलाए। हारुनले १८ बलमा दुई चौकाको मद्दतमा १५ रन बटुले।

■ आकाशले लिए एकै ओभरमा दुई विकेट

पाकिस्तानले लक्ष्य पछ्याएको इनिङ्समा सामल हुसैन र सहजैव खानले पहिलो विकेटका लागि ८० रनको साझेदारी गरेका थिए। दुवै ओपनरले २० ओभरसम्म आफ्नो विकेट दिएनन्। इनिङ्सको २१औं ओभरमा आकाश चन्दले बलिङ गरे। यसै ओभरमा उनले नेपाललाई एकैपटक दुई सफलता दिलाए। उनले २१.२ ओभरमा हुसैनलाई क्याच आउट गराए। त्यसवेला पाकिस्तान ८०-१ को स्थितिमा थियो। २१.४ ओभरमा आकाशले सहजैवलाई क्याच आउट गराउँदै पाकिस्तानमाथि दबाब राखे। दुई बलको अन्तरमा दुई विकेट गुमाउँदा पाकिस्तान एकाएक दबाबमा आएको थियो। हुसैनले ५९ बलमा चार चौका र एक छक्काको सहयोगमा ३७ रन जोडे।

सहजैवले ७० बल खेलेर तीन चौका र एक छक्का प्रहार गरी ३७ रन नै जोडे। प्रतिस्पर्धामा आकाशले ९ ओभरमा ३४ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। नेपालका कप्तान देवले पाकिस्तानविरुद्ध आठजना बलर प्रयोग गरेका थिए। सिनियर टोलीबाट खेलिरहेका गुल्सन झाले १० ओभरमा एक मेडन राखी २९ रन खर्चे। दुर्गेश गुप्ताले ३८ रन खर्चे। नेपालका लागि दीपेश कँडेल र आकाश त्रिपाठीले समान एक विकेट लिएका थिए। नेपालका पाँच बलर विकेटविहीन भए। नेपालले इनिङ्सको मध्यतिर पाकिस्तानलाई दबाबमा राखेको थियो। साद बैगको विकेट पतन हुँदा पाकिस्तान १०४-४ को स्थितिमा रहेको थियो।



२०-३० रन कम भयो

देव खनाल, कप्तान, नेपाल

पाकिस्तानले नेपालविरुद्ध कसिलो बलिङ गऱ्यो। विशेष गरी पाकिस्तानी स्पिनरले कसिलो बलिङ गरेका कारण नै स्कोर बोर्डमा सोचेजस्तो योगफल खडा गर्न सकेनौं। स्कोर बोर्डमा २०-३० रन कम बन्यो। प्रत्येकपल्ट पाकिस्तानी स्पिनरले कसिलो बलिङ गरे। खेलमा फर्कन हामीले बलिङमा राम्रो गर्‍यौं। नेपालले फिल्डिङका क्रममा पाकिस्तानी खेलाडीलाई सहज रन दिएनौं। पाकिस्तानको ब्याटिङ इनिङ्सको मध्यक्रमले राम्रो योगदान गरे। नेपालको मध्यक्रममा ब्याटिङ चल्न सकेन। हाम्रो ब्याटिङमा १-२ रनका लागि प्रयास नै भएन। उनीहरूले लगातार रन बटुले। अब अर्को खेलमा यो पक्षमा ध्यान दिनेछौं। हाम्रा तीव्र गतिका बलरले राम्रो बलिङ गरे। त्यो क्षण हेर्न पनि निकै विशेष थियो। आकाश चन्द र गुल्सन झालेे राम्रो स्थानमा बल फालेर विपक्षीलाई समस्यामा राखेका थिए। यसकारण एक समय हामी खेलमा फर्कियौं, तर निरन्तरता दिन सकेनौं।

■ नेपालको मध्यक्रम चलेन

सुरुवाती ब्याटिङ गरेको नेपालको मध्यक्रम चल्न सकेन। न्युजिल्यान्डसँगको खेलमा ९० रन बटुलेका अर्जुन कुमाल पाकिस्तानविरुद्ध चल्न सकेनन्। उनले १२ बलमा ६ रन मात्र बटुले। उनी नेपालको पहिलो विकेटका रूपमा आउट भए। तेस्रो क्रममा ब्याटिङ गरेका आकाश त्रिपाठीले १० बलमा ६ रन बटुले। त्यसपछि विपिन रावल र कप्तान देव खनालबीच तेस्रो विकेटका लागि ३८ रनको साझेदारी भएको थियो। देवले ३७ बलमा तीन चौकाको सहयोगमा २३ रन बटुले। ओपनर विपिन इनिङ्सको २६.४ ओभरमा आउट भए। उनी आउट हुँदा नेपाल ९६-५ को स्थितिमा रहेको थियो। उनले ६८ बलमा चार चौका र एक छक्का प्रहार गरी सर्वाधिक ३९ रनको योगदान दिए।

मध्यक्रमका गुल्सनले ४७ बलमा १८, दीपकले ५८ बलमा २६ तथा दीपेक कँडेलले १३ रन बनाए। दीपेश आउट हुँदा नेपाल ४२.२ ओभरमा १४८-७ को स्थितिमा रहेको थियो। त्यसपछि पुछारका सुवास भण्डारीले २४ बलमा २० तथा आकाश चन्दले ११ बलमा १६ रनको योगदान दिए। आकाशले समान एक चौका र छक्का प्रहार गरे। पाकिस्तानका लागि मिनहासले २३ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। अहमाद हसनले दुई विकेट लिए।

आर्मी क्वार्टरफाइनलमा

खेलको २७औं मिनेटमा भरत खवासले गरेको एक मात्र गोलको सहयोगमा आर्मीले राइजिङ स्टारलाई १-० ले हरायो

कास्कीमा **रोहितराज पराजुली**



त्रिभुवन आर्मी क्लब २३औं राराआहा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा बुधबार भएको खेलमा नवलपुरको राइजिङ स्टार क्लबलाई १-० ले हराउँदै आर्मीले अन्तिम आठको स्थान सुरक्षित गरेको हो। आर्मीलाई अन्तिम आठमा पुऱ्याउन भरत खवासले निर्णायक एक गोल गरेका थिए। खेलको २७औं मिनेटमा कमल थापाको क्रसमा भरतले पेनाल्टी क्षेत्रमा डाइभिङ हेडिङ गोल गरेका हुन्। राइजिङ स्टारले खेललाई बराबरीमा ल्याउन प्रयास गरे पनि सफल भएन। प्राप्त अवसरमा गोल गर्न नसक्दा राइजिङ प्रतियोगिताबाट बाहिरियो।

आर्मीले सेमिफाइनल प्रवेशका लागि १४ माघमा संकटा क्लबको सामना गर्नेछ। आर्मीको यो राराआहा गोल्डकपमा १७औं सहभागिता हो। प्रतियोगिताको फाइनलमा चारपटक पुगे पनि आर्मीले अहिलेसम्म उपाधि जितेको छैन। राइजिङ पहिलो हाफमै दबाबमा परेको थियो। दोस्रो हाफमा आर्मीले सुधारिएको प्रदर्शन गरेको थियो। राइजिङ स्टारले खेलमा नियन्त्रण लिँदै आर्मीमाथि दबाब राखेको थियो। तर, राइजिङ स्टारको फिनिसिङ कमजोर भयो। राइजिङ स्टारले आर्मीविरुद्ध नयाँ खेलाडी मैदानमा उतारेको थियो। आर्मीले यसअघिको जस्तो खेल प्रदर्शन गर्न सकेको थिएन।

आर्मीका प्रशिक्षक मेघराज केसीले राइजिङ स्टारले राम्रो खेलेको प्रतिक्रिया दिए। 'उनीहरूले राम्रो खेले,' केसीले भने, 'हाम्रोमा पनि नयाँ खेलाडी धेरै छन्, अझै टोली सेट हुन सकेको छैन।' राइजिङ स्टारका प्रशिक्षक सन्दीप केसीले विपक्षीलाई दबाबमा राखे पनि गोल गर्न चुकेको बताए। 'खेलमा दबाब राखेका थियौं, तर प्राप्त अवसरमा गोल हुन नसक्दा पराजित भयौं,' केसीले भने।

धेरै नयाँ खेलाडी छन्

मेघराज केसी, प्रशिक्षक, आर्मी

टोलीमा धेरै नयाँ खेलाडी छन्। अहिले मेरो ध्यान आर्मीको टोली बलियो बनाउने हो। राइजिङ स्टारविरुद्ध खेलाडीले अपेक्षाअनुरूप खेल्न सकेनन्। राइजिङ स्टारले राम्रो खेल्यो। अब क्वार्टरफाइनलमा योभन्दा राम्रो प्रदर्शन हुनेछ। यसका लागि तयारी गर्नुपर्छ।

खेलाडीले राम्रो खेले

सन्दीप केसी, प्रशिक्षक, राइजिङ स्टार

आर्मीविरुद्ध खेलाडीले राम्रो खेले, खेलबाट सन्तुष्ट छु। विपक्षीलाई दबाबमा राख्यौं, तर फिनिसिङमा कमजोरी देखियो। खेलाडीले प्राप्त अवसरमा गोल गर्न सकेनन्। मोफसलमा पहिलो प्रतियोगिताको अनुभव लियौं। अब मोफसलमा हुने अन्य प्रतियोगितामा योभन्दा राम्रो गर्न सक्छौं।

१९ फागुनदेखि झापा गोल्डकप

झापामा **चिरञ्जीवी घिमिरे**

छैठौं झापा गोल्डकप १९-२८ फागुनसम्म बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुने भएको छ। ०७८ को पाँचौं संस्करण स्थगित भएको थियो। झापाको भद्रपुरस्थित पुरानो रंगशाला मेची रंगशालामा भद्रपुर गोल्डकप आयोजना गर्न झापा गोल्डकप स्थगित गरिएको थियो। यसपटकको झापा गोल्डकपमा दश टोलीले भाग लिनेछन्। नेपालका सात र विदेशी तीन टोलीले सहभागिता जनाउने आयोजकका विनोद बस्नेतले जानकारी दिए।

पछिल्लोपटकको तुलनामा यसपटक गोल्डकपको पुरस्कारमा वृद्धि हुनेछ। गोल्डकप विजेताले १३ लाख रुपैयाँ पाउनेछ। उपविजेताले सात लाख रुपैयाँ पाउने अध्यक्ष बस्नेतले बताए। गत संस्करणमा विजेताले १२ लाख ५५ हजार र उपविजेताले ६ लाख पाँच हजार रुपैयाँ पाएका थिए। प्रतियोगिताका मोस्ट भ्यालुएबल प्लेयरलाई एक थान मोटरसाइकल प्रदान गरिनेछ। प्रतियोगिताका उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, प्रशिक्षक र उच्च गोलकर्ताले २५ हजार रुपैयाँ पाउनेछन् भने प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई ११ हजार रुपैयाँ दिइनेछ। प्रतियोगिताको उद्घाटनका अवसरमा झापा जिल्लाका एकजना पुराना फुटबल खेलाडीलाई २५ हजारसहित सम्मान गरिने अध्यक्ष बस्नेतले जानकारी दिए। ०७२ बाट हुँदै आएको गोल्डकप उपाधि त्रिभुवन आर्मीले चार र मनाङ मर्स्याङ्दीले एकपटक जितेका छन्।

■ प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट

आर्मीको चौथो जित

भैरहवामा **दिपेश पछाई**

विभागीय टोली त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा चौथो जित निकालेको छ। आर्मीले लुम्बिनी प्रदेशलाई ६५ रनले पराजित गर्दै चौथो जित निकालेको हो। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा बुधबार खराब मौसमका कारण खेल २६ ओभरमा झारिएको थियो। पहिलो ब्याटिङ गर्दै आर्मीले लुम्बिनीलाई १७१ रनको लक्ष्य दियो। प्रत्युत्तरमा लुम्बिनीले आठ विकेट गुमाएर १०५ रन बनायो। जितसँगै आर्मी ६ खेलबाट ८ अंकसहित तेस्रो स्थानमा उक्लिएको छ। लुम्बिनी एक जितका साथ नवौं स्थानमा छ।



आर्मीका लागि इमरान शेखले अर्धशतकीय इनिङ्स खेले। आर्मीले २६ ओभरमा सात विकेट गुमाउँदै १७० रन बनाएको थियो। आर्मीका ओपनर इमरानले ७० बलमा सात चौका र एक छक्कसहित अविजित ६७ रन बनाए। इमरानलाई कप्तान विनोद भण्डारीले २५ बलमा ३४ रन जोड्दै राम्रो साथ दिए। विनोदले चार चौका र एक छक्का प्रहार गरे। भीम सार्कीले ४० बलमा एक चौका र एक छक्काको सहयोगमा २४ रन जोडे। लुम्बिनीका नर सार्की र मोहम्मद हुसेनले समान दुई विकेट लिएका थिए।

सहज लक्ष्य पछ्याउँदा लुम्बिनीको ब्याटिङ राम्रो हुन सकेन। लुम्बिनीका कृष्ण कार्कीले अविजित ३५ रन जोडे। मिलन गुरुङले १८, मोहम्मद हुसेनले १५ र अभिषेक गौतमले अविजित ११ रन बनाए। अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। आर्मीका कुशल मल्लले ६ ओभरमा ११ रन खर्चेर सर्वाधिक चार विकेट लिए। सोमपाल कामीले दुई विकेट लिए। अभिनाश कर्ण र साहव आलमको नाममा समान एक विकेट रह्यो।

कोशी आठ खेलसम्म जितविहीन

काठमाडौं/ कोशीले लगातार खराब प्रदर्शनलाई निरन्तरता दिएको छ। कोशी लगातार आठ खेलमा पराजित भएको छ। कोशी त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमसँग आठ विकेटले पराजित भयो। कोशी तालिकाको पुछारमा छ। पाँच खेलबाट ८ अंक जोडेको सुदूरपश्चिम दोस्रो स्थानमा उक्लिएको छ। कोशीले ३२ ओभरमा सबै विकेट गुमाउँदै १२३ रन बनाउन सक्यो। प्रत्युत्तरमा सुदूरपश्चिमले २१.१ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। सुदूरपश्चिमका नरेन भट्टले अर्धशतकीय इनिङ्स खेले। उनले ४९ बलमा सात चौकाको मद्दतले अविजित ५४ रन बनाए। प्रकाश पाण्डे अविजित ३४ र कप्तान राजु रिजालले २१ रनको योगदान दिए।

तेस्रो विकेटका लागि नरेन र प्रकाशले अविजित ८६ रनको साझेदारी गरेपछि सुदूरपश्चिम बलियो स्थितिमा पुगेको थियो। कोशीका लागि दुवै विकेट फिर्दोस अन्सारीले लिएका हुन्। कोशीका लागि मिनाश थापाले २६ र कप्तान अंकित तिवारीले २२ रन जोडे। सुदूरपश्चिमका शेर मल्लले ६ ओभरमा एक मेडनसहित २८ रन खर्चिएर पाँच विकेट लिए।

पुलिसको लगातार पाँचौं जित

उपाधि दाबेदार नेपाल पुलिस क्लब लगातार पाँचौं खेलसम्म अपराजित रहेको छ। मूलपानी मैदानमा पुलिसले मधेशमाथि ६ विकेटको जित निकालेको हो। मधेशले पहिलो ब्याटिङ गरी २४ ओभरमा अल आउट हुँदै मात्र ९६ रन बनायो। प्रत्युत्तरमा पुलिसले चार विकेट गुमाउँदै १८.३ ओभरमा लक्ष्य पूरा गऱ्यो। पुलिसका सागर ढकालले पाँच विकेट लिए।

सूर्य नेपाल इस्टर्न ओपन सुरु

शुक्रले लिए एक स्ट्रोकको अग्रता

नयाँ पत्रिका

नेपालका नम्बर १ गल्फर शुक्रबहादुर राईले सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गतको तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनमा एक स्ट्रोकको अग्रता लिएका छन्। धरानमा सुरु प्रतियोगिताको पहिलो दिन राई ३ अन्डर ६७ को स्कोरका साथ शीर्ष स्थानमा रहे। साबिक विजेतासमेत रहेका राईले धरानका अर्का गल्फर नीरज तामाङलाई १८ होलको समाप्तिमा १ स्ट्रोकले पछि पारेका हुन्। तामाङ २ अन्डर ६८ स्कोरका साथ दोस्रो स्थानमा छन्। एमेच्योरद्वय युवराज भुजेल र पदम हाङ संयुक्त रूपमा तेस्रो स्थानमा रहे। उनीहरूले समान १ अन्डर ६९ स्कोर गरे।

नेपालका पूर्व नम्बर १ गल्फर भुवन नगरकोटी इभन पार ७० खेल्दै पाँचौं स्थानमा छन्। १ ओभर ७१ स्कोर गरेका रामे मगर छैठौं स्थानमा रहेका छन्। स्थानीय प्रो सबिन सापकोटा र देवराज पाख्रिन २ ओभर ७२ सहित संयुक्त रूपमा सातौं स्थान रहे। भेट्रान गल्फर दीपक मगर ३ ओभर ७३ सहित नवौं स्थानमा रहँदा धनबहादुर थापा र एमेच्योर गजेन्द्र गुरुङ संयुक्त रूपमा दशौं स्थानमा छन्।

भारतीय गल्फ टुरमा २०२४ सिजनका लागि कार्ड जोगाएर फर्किएका राईले घरेलु कोर्स धरान गल्फ क्लबमा राम्रो सुरुवात गरेका थिए। ५ पारको तेस्रो होलमा उनले इगलको सफलता प्राप्त गरे। त्यसलगत्तै चौथो होलमा डबल बोगी सामना गरे। यसपछि पाँचौंदेखि सातौंसँगै नवौं होलमा उनले बर्डी हात पारे। उनले फ्रन्ट नाइन ४ अन्डर ३२ र ब्याक नाइनमा १ ओभर २५ को स्कोर गरे। ब्याक नाइनको १३औं होलमा उनले दोस्रो डबल बोगी खेपेका थिए।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

तालिम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।१०।११ गते

यस कार्यालयबाट दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE) अन्तर्गत ४० जना प्रशिक्षार्थीहरुका लागि CTEVT Level 2 को कार्यगत अभ्यास सहितको Professional Computer Hardware & Networking बिषयको तालिम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को (घ १) बमोजिम CTEVT बाट अनुमती प्राप्त सार्वजनिक संस्थाहरुबाट ७ (सात) दिन भित्र आर्थिक तथा प्राबिधिक प्रस्ताव पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि महानगरपालिका कार्यालयको शिक्षा शाखामा सम्पर्क गर्न सकिने छ

Notice for Shortlisted Consultants

Published Date: 2080/10/11

Government of Nepal, Ministry of Urban Development, Department of Local Infrastructure, Local Infrastructure Development Project Office (LIDPO), Dhangadhi has shortlisted the following consultants/ JV of consultants as per the notice of invitation for **Expression of Interest (EOI) published on 5th November, 2023** for **"Walkover Survey, Prioritization and Detail Engineering Survey, Soil Investigation, Detail Design and Report Preparation of the Bridges of Package-1 and Package-2".**

S No.	Name of Firm/JV for Package 1	S No.	Name of Firm/JV for Package 2
1	NREC-DEC-BMCL JV, Khumaltar-14, Lalitpur	1	CARD, PESO-TRINETRA JV , 385-Basanta marga, Babarmahal-11,Kathamndu
2	GEC-FBC-GCA JV, Kathamdnu-01	2	SILT-MALLA-CLEC JV , Mid Baneshwor-10, Kalanki-14, Kathmandu
3	Pnet-RIDC JV, Kupondole, Lalitpur	3	NATIONAL-FIDA_NERAMS JV, Maipi, Shamakhusu-14, Kathamndu
4	ED Consult-DRS, Jwagal, Lalitpur	4	SITARA-ENGINEERS WORLD-INTERFACE JV, Chakupat, Patan, Lalitpur
5	TAEC Consult Pvt. Ltd. -COEMANCO-Nepal (P) Ltd-Dynamic Resource Management Services Pvt. Ltd., Shankhamul, Kathmandu	5	CIAS-SLAB-MSE JV , Chakupat, Patan, Lalitpur
6	GLOBAL-INCLUSIVE -AZAD JV, Kathmandu	6	Unique Engineering Consultancy Pvt. Ltd. Jwagal-10, Lalitpur

The Shortlisted consultants are mailed with attachment of RFP document from LIDPO, Dhangadhi, or can download from **www.doli.gov.np**. Proposals must be submitted **on or before 12:00 hours of 2080/10/26 in office of LIDPO, Dhangadhi**. The details are given in RFP and for further information please contact to LIDPO, Dhangadhi.

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
कमलादी, काठमाडौं।

बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०।१०।११ गते

यस कार्यालयले बोलपत्रको माध्यमबाट निम्न निर्माण कार्य गराउनु पर्ने भएकोले इच्छुक योग्य निर्माण व्यवसायीलाई मिति २०८०।११।१३ (February 25, 2024) गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP System मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

सि.नं.	ठेक्का नं.	ठेक्काको विवरण	लागत अनुमान रू. (मू.अ.क र Contingency बाहेक)	बोलपत्र जमानत रकम रू.	बोलपत्र दस्तुर रू.
१.	02/NCB/Works/ NTO /2080-81	Upgrading and Maintenance of Diyalo Bangla and its periphery, at Chitwan.	81,87,061.56	2,35,000.00	3000.00

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com